का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ माघ २०७९,
सोमबार
23 January 2023,
Monday
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३३८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## केन्द्रदेखि सातै प्रदेश
# सरकार अपूर्ण

सबै प्रदेशमा सत्तागठबन्धनको स्पष्ट बहुमत भएपनि दलहरुबीचको अविश्वासले कुनै पनि सरकारले पूर्णता भने पाउन सकेका छैनन् । केन्द्रीय समीकरण फेरिन सक्ने अनुमानले प्रदेश सरकारले पूर्णता पाउन नसकेको नेताहरुको टिप्पणी छ ।



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ८ माघ ।

पुरानो लोकतान्त्रिक वाम गठबन्धन भत्किएर नेकपा एमालेको नेतृत्वमा बनेको नयाँ गठबन्धनले केन्द्रदेखि सातै प्रदेशमा सरकार बनाएको छ । सबै प्रदेशमा सत्तागठबन्धनको स्पष्ट बहुमत भएपनि दलहरुबीचको अविश्वासले कुनै पनि सरकारले पूर्णता भने पाउन सकेका छैनन । केन्द्रमा समीककरण फेरिन सक्ने अनुमानले प्रदेश सरकारले पूर्णता पाउन नसकेको नेताहरुको टिप्पणी छ ।

प्रदेश १ मा एमालेका हिक्मतकुमार कार्की, मधेश प्रदेशमा जसपाका सरोज यादव, बागमती प्रदेशमा माओवादी केन्द्रका शालिकराम जम्कट्टेल र गण्डकी प्रदेशमा एमालेका खगराज अधिकारी, लुम्बिनी प्रदेशमा एमालेका लीला गिरी, कर्णालीमा माओवादीका राजकुमार शर्मा र सुदूरपश्चिम प्रदेशमा एमालेका राजेन्द्र रावल मुख्यमन्त्री बनेका छन् ।

तर, सात वटै सरकारले पूर्णता पाउन सकेको छैन् । सात वटै प्रदेश सरकारमा गठबन्धनको स्पष्ट बहुमत भए पनि सरकारले पूर्णता पाउन सकेको छैन ।

९३ सिट रहेको प्रदेश १ मा बहुमतको सरकार बनाउन ४७ सांसद आवश्यक पर्छ । यहाँ कुनै पनि दलले स्पष्ट बहुमत पाएनन् । एमाले ४०, कांग्रेस २९, माओवादी १३, राप्रपा ६, एकीकृत समाजवादी ४ र जसपाका एक सांसद छन् ।

कुल १०७ सांसद रहेको मधेश प्रदेशसभामा बहुमतका लागि ५४ सांसद चाहिन्छ । ठूलो दल एमालेले २३ र कांग्रेसले २२ सिट जितेको छ । माओवादीसँग १२ र लोसपासँग ९ सिट छ । जसपासँग १६ र जनमतसँग १३ सिट छ । ६ जना स्वतन्त्र सांसद छन् ।

केन्द्रीय सरकार निर्माणको गठबन्धनमा सहयोग गरेका कारण एमाले र माओवादीले कांग्रेसलाई बाहिर राखेर जसपा र जनमत पार्टीलाई आलोपालो मधेश प्रदेश सरकारको नेतृत्व दिने गरी सरकार बनाउन भूमिका खेलेका छन् ।

बागमती प्रदेशमा सरकार बनाउन ५६ सीट आवश्यक पर्ने ११० सदस्यीय बागमती प्रदेशसभाको अंकगणित रोचक छ । बागमतीमा कांग्रेससँग ३७ सिट छ भने एमाले २७, माओवादी २१, राप्रपा १३, एकीकृत समाजवादी ७, नेमकिपा ३ र हाम्रो नेपाली पार्टीसँग २ सिट छ ।

अघिल्लो चुनावमा एमालेको पकड रहेको गण्डकीमा यसपटक कांग्रेस पहिलो दल बनेको छ । ६० सदस्यीय प्रदेश सभामा कांग्रेसले २७ सीट जितेको छ भने एमालेले २२ र माओवादीले ८ सिट जितेको छ । दलको संख्या थोरै रहेको गण्डकी प्रदेशसभामा राप्रपाका २ र जसपाका १ जना सांसद छन् । स्वतन्त्रबाट निर्विरोध निर्वाचित बनेका राजीव गुरुङ (दीपक मनाङे) एकीकृत समाजवादीमा प्रवेश गरेका छन् । तर, फेरि पनि एमालेले नै सरकार बनाएको छ ।

कुल ८७ सिट रहेको लुम्बिनी प्रदेशमा बहुमतको सरकार बनाउन ४४ सांसदको

– बाँकी पृष्ठ २ मा

# कांग्रेसको दोहोरो चाल

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ८ माघ ।

प्रतिनिधिसभामा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई विश्वासको मत दिएको नेपाली कांग्रेसले सभामुख र उपसभामुखमा भने आफ्नै पार्टीको उम्मेद्वार उठाएपछि दोहोरो चाल चलेको आरोप लागेको छ । संघमा मात्रै नभएर प्रदेशमा समेत कुनै मुख्यमन्त्रीलाई विश्वासको मत दिने र कुनै प्रदेशमा विश्वासको मत नदिएपछि कांग्रेसलाई पार्टीभित्रैबाट दोहोरो भूमिका खेलेको आरोप लागेको छ । मूलतः नेपाली कांग्रेसका शेखर कोईराला सभापति शेरबहादुर देउवाको भूमिकामाथि प्रश्न उठाउँदै संसदमा दोहोरो चरित्र देखाउन नहुने बताउँछन् ।

'कांग्रेसले अहिले दोहोरो चरित्र खेल्यो, प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएर हामीले गल्ती गर्‍यौं । तटस्थ बस्ने प्रस्ताव मैले कार्यसम्पादन समितिको बैठकमा राखेको थिएँ । तर, त्यसको सुनुवाइ भएन,' उनले भने, 'बहुमतको निर्णय मान्नुपर्ने बाध्यता पर्‍यो । विश्वासको मत दिन हुँदैनथ्यो' नेता कोईरालाले भने । उनले पार्टी सभापति देउवाको कार्यशैली नबदलिइ कांग्रेसको भविष्य संकटमा पर्ने समेत स्पष्ट पारेका थिए । प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिन नहुने भन्दै महामन्त्रीद्वय विश्वप्रकाश शर्मा, गगन थापा, नेताहरू प्रकाशमान सिंह, अर्जुननरसिंह केसी, बलबहादुर केसी र प्रदीप पौडेल लगायतले फरक मत समेत राखेका थिए ।



> कांग्रेसले अहिले दोहोरो चरित्र खेल्यो, प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएर हामीले गल्ती गर्‍यौं ।
>
> ■ **शेखर कोईराला**
> **नेता, कांग्रेस**

तर, राष्ट्रपति आफूले पाउनुपर्ने बताउँदै आएको कांग्रेसले केन्द्रमा मात्रै होईन, प्रदेशमा समेत केही मुख्यमन्त्रीलाई समर्थन गरेको छ । कांग्रेसले मधेस र बागमती प्रदेशमा सरकारलाई विश्वासको मत दिएको छ भने एमालेले मुख्यमन्त्री पाएका प्रदेश १, गण्डकी र लुम्बिनीमा भने विपक्षमा मतदान गरेको छ । 'कांग्रेसभित्र अहिले दोहोरो चरित्रमा देखिएकै हो, आफ्नो भूमिका समेत स्पष्ट गर्न नसक्दा सत्तापक्ष कि प्रतिपक्ष भन्नेमा कांग्रेसमै अन्यौल देखिन्छ,' राजनीतिक विश्लेषक डा. विष्णु दाहालले भने । उनले पदका लागि कांग्रेस दरिलो प्रतिपक्षी भएर उभिन नसकेको पनि स्पष्ट पारेका छन् । तरपनि, देउवा निकट नेता वालकृष्ण खाँड भने कांग्रेसले आवश्यकताका आधारमा कतै समर्थन र विपक्षमा बसेको तरपनि, प्रतिपक्षीकै भूमिकामा रहने बताउँछन् । 'केन्द्रदेखि प्रदेशसम्म हामी प्रतिपक्षी भूमिकामा छौं र रहनेछौं । हामीले केन्द्रमा सरकारलाई विश्वासको मत लिने निर्णय गरेका थियौं । प्रदेशको विषयमा प्रदेश संयन्त्रलाई नै आवश्यकताका आधारमा समर्थन, विश्वासको मतको विपक्षमा या उम्मेदवारे खडा गर्न भनेका थियौं' उनले भने । साथै उनले आवश्यकताका आधारमा कांग्रेसले भूमिका खेल्ने पनि बताएका छन् । यद्यपि, कांग्रेसभित्रबाटै सभापति देउवाको दोहोरो भूमिकाले असहजता भएको भन्दै आलोचना सुरु भएको छ ।

**वैदेशिक रोजगार विशेष**

# संघको नवनिर्वाचित कार्यसमितिको पदवहाली आज

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ माघ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नवनिर्वाचित कार्यसमितिले सोमबार (आज) पदवहाली गर्ने भएको छ । सोमबार अपराह्न १ बजे संघको बत्तीसपुतलीस्थित कार्यालयमा पदवहाली गर्ने कार्यक्रम तय भएको नवनियुक्त महासचिव मेघनाथ भुर्तेलले मध्यान्हलाई जानकारी दिए ।

संघको २९ औं साधारण सभा अन्तर्गत दुई वर्षे कार्यकालका लागि शुक्रबार भएको निर्वाचनमा मिश्रित परिणाम आएको छ । व्यवसायीहरूले चार प्यानल बनाई संघको नेतृत्वका लागि प्रतिस्पर्धा भएकोमा तीन प्यानलबाट संघ कार्यसमितिमा प्रतिनिधित्व भएको छ ।

निर्वाचन परिणामअनुसार निर्वाचित १७ सदस्यीय कार्यसमितिमा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चका अध्यक्ष, तीन उपाध्यक्ष र कोषाध्यक्ष गरी ५ पदाधिकारी तथा ४ सदस्यसहित ९ जना, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएशनका महासचिव र सचिव गरी दुई पदाधिकारी तथा ५ सदस्य गरी ७ जना र वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनको संयुक्त प्यानलकी

– बाँकी पृष्ठ २ मा

## विप्रेषण व्यवस्थित गर्न सरकार नीतिगत सुधारको तयारीमा : अर्थमन्त्री

काठमाडौं/रासस- उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विप्रेषणलाई व्यवस्थित गर्न नीतिगत तथा कानूनी सुधारका लागि सरकार तयार रहेको बताएका छन् । प्रवासी नेपाली मञ्च अमेरिकाले शनिबार राति आयोजना गरेको 'रेमिट्यान्स एण्ड इन्भेष्टमेन्ट इन नेपाल' विषयक कार्यक्रमलाई भर्चुअल माध्यमबाट सम्बोधन गर्दै उनले विप्रेषणलाई वैधानिक माध्यमबाट भित्र्याउन र उत्पादनमूलक क्षेत्रमा लगानीको अनुकूल वातावरण तयार पार्न आवश्यक सहयोगका लागि सरकार तयार रहेको बताए ।

'विप्रेषणको ठूलो हिस्सा वैधानिक प्रणालीबाट भित्र्याउन सकेका छैनौं, यसका लागि लिनुपर्ने नीति, गर्नुपर्ने निर्णय र दिनुपर्ने प्रोत्साहनका लागि सरकार तयार छ,'

– बाँकी पृष्ठ २ मा

## कामदारमाथि हातपात गर्ने रोजगारदातालाई कडा कारबाही हुने

काठमाडौं/मस- यूएईले कामदारमाथि हातपात गर्ने रोजगारदातालाई कडा कारबाहीको प्रावधान ल्याएको छ । कर्मचारीमाथि हातपात गर्ने रोजगारदातालाई एक वर्षसम्म कैद र एक लाख दिरामसम्म जरिवाना हुने व्यवस्था गरिएको स्थानीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । यूएईले २०२१ को फेडेरल डिक्री ल नम्बर ३१ को

– बाँकी पृष्ठ २ मा


**लगानी गरेर विदेश जानुभन्दा नेपालमै बिना लगानी कामदारसँगै पार्टनर बन्ने अवसर ।**

**चलिरहेको तोरी तथा धान मिलका लागि अनुभवी तथा इमान्दार पार्टनर कामदार चाहियो ।**

- काठमाडौंबाट मात्र ३० कि.मी टाढा (नुवाकोट)।
- बसेको ४/५ महिनाभित्र जग्गा दिने कागज गरिदिने ।
- आएको नाफा ६०/४० गर्ने ।
- ७/८ वर्ष बसे ४ आना घडेरी पनि पाईने ।
- परिवार हुनेलाई विशेष प्राथमिकता दिइने ।

**सम्पर्क- ९८५१०२६४२७**



**कुवेतमा वैदेशिक रोजगार**

**कम्पनी : ONCOST CASH & CARRY CENTRAL MARKET**

पूर्व स्वीकृत मितिः २०७९/१०/०४ | चलानी नं.: ६०१९५२०९ | LT. No.: 279687 | शहर: Kuwait

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carrier | 30 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५१,२८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Coordinator | 20 | 0 | | 150 | ६४,१०९ | | | | | | | |
| 3. | Light Driver | 40 | 0 | | 140 | ५९,८३५ | | | | | | | |
| 4. | Packer | 30 | 0 | | 120 | ५१,२८७ | | | | | | | |
| 5. | Reporter | 30 | 0 | | 120 | ५१,२८७ | | | | | | | |
| 6. | Worker (Indoor) | 50 | 0 | | 110 | ४७,०१३ | | | | | | | |

**अन्तर्वार्ता Sinamangal Airport Hotel, काठमाडौंमा २०७९ माघ १२ गते (26 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**यसै कम्पनीमा Female Sales Girl, Fish Monger, Stocker And Cashier को पनि माग भएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SGMC
Gov. Lic No. 1219/074/075

**SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.**
(साविक सुर्खेत ओभरसिज प्रा.लि)

Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457
Email: info@shermanconsultants.com | hr@shermanconsultants.com
Mobile: 9851235143 | 9851322884 | 9841136727 | 9818441474 | 9851330429 | 9803636760 | 9810409591 | 9869120271 | 9844064089

**हार्दिक**
**बधाई तथा शुभकामना**



यस प्रा.लि.का सञ्चालक श्री **तोरण कुमार कार्की**ज्यू नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २०७९ माघ ०६ गते सम्पन्न २९ औं साधारण सभा पश्चात सम्पन्न निर्वाचनमा कार्य समिति सदस्य पदमा विजयी हुनु भएकोमा हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**फाइन जब रिक्रुटमेन्ट प्रा.लि.**
**परिवार**
सिनामंगल-९, काठमाण्डौ, फोन : ४११०७२१

**हार्दिक बधाई तथा शुभकामना**



नेपाल बैदेशिक रोजगार व्यवसायी संघको २०७९ माघ ०६ गते सम्पन्न २९ औं साधारणसभा पश्चात सम्पन्न निर्वाचनमा बिजयी अध्यक्ष राजेन्द्र भण्डारी, प्रथम उपाध्यक्ष डिक बहादुर खत्री (कुमार), द्वितीय उपाध्यक्ष सन्जु कुमार गुरुङ, तृतीय उपाध्यक्ष रोशन कटुवाल, महासचिव मेघनाथ भुर्तेल, सचिव कर्णराज कटुवाल, कोषाध्यक्ष सरिता घले तथा कार्यसमिति सदस्यहरु राजेन्द्र बस्नेत, बिक्रम श्रेष्ठ, देवमाया थापा, बैकुण्ठ प्रसाद पौडेल, कैलाश पाठक, देउमान नेम्वाङ, आनन्द कोइराला, नारायण भुसाल, तोरण बहादुर कार्की र चन्द्र बहादुर लिम्बूज्यूलाई हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं।

उद्धव प्रसाद सापकोटा
(सचिव)
**नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ**
तथा
**एक्सेस करिअर सोलुसन प्रा. लि.**
**परिवार**

# बढी भाडा लिने सवारीसाधनलाई कारबाही

**मान बहादुर विश्वकर्मा/मध्यान्ह**
बाजुरा, ८ माघ

बाजुराका विभिन्न स्थानीय सडक खण्डमा सञ्चालन हुने सवारी साधनले तोकिएको भन्दा बढी भाडा लिएको भन्दै १७ भन्दा बढी जिप चालकहरु कारबाही परेका छन् ।

जिल्ला प्रशासन कार्यालय बाजुराको पुस २० गते बसेको बैठकले जिल्लाका ग्रामीण सडकमा चल्ने सवारी साधानहरुको भाडादर कायम गरेको छ । सो निणर्यको कार्यन्वयनका लागि प्रहरीले विभिन्न ठाउँमा तोकिदिएको भन्दा दोब्बर भाडा असुलेको पाइएपछि कारबाही प्रक्रिया थालिएको हो ।



जिल्ला प्रहरी कार्यालय बाजुरा र जिल्ला ट्राफिक प्रहरीले जिल्लाका ग्रामीण सडकमा तोकिएको भाडादर कार्यान्वयन नगर्ने जिप व्यवसायीलाई कारबाही प्रभावकारी रहेको स्थानियले बताएका छन् । मनोमानी तरिकाले भाडा उठाउने गरेको नागरिकको व्यापक गुनासोपछि जिल्ला प्रशासन कार्यालय बाजुराको पुस २० गतेको बैठकले नयाँ भाडादर कायम गरेको थियो ।

सबै स्थानीय सडक खण्डको भाडादर कायम गर्दा समेत कार्यान्वयनमा नल्याउने र मनोमानि भाडा असुल्ने सवारी साधन माथि कडा निगरानी राखिएको जिल्ला प्रहरी कार्यालय बाजुराले जनाएको छ । तोकिए भन्दा बढी भाडा लिने गरेका जिप व्यवसायीलाई स्पष्टीकरण सहित बढी लिएको भाडा सम्बन्धित यात्रुलाई फिर्ता गर्न थालिएको जिल्ला प्रहरी कार्यालय बाजुराका प्रमुख प्रहरी नायब उपरीक्षक सूर्य थापाले बताएका छन् ।

यात्रुको चापको फाइदा उठाएर तोकिए भन्दा बढी भाडा उठाएपछि ठाउँ-ठाउँमा भएका ईलाका प्रहरी कार्यालयले विभिन्न स्थानमा चेकजाँच गर्दा तोकिए भन्दा बढी भाडा लिएकालाई फिर्ता गराउनुका साथै पहिलो पटक त्यस्तो गरेकोमा सम्झाइ बुझाइ पठाउने र दोस्रो पटक फेला परेमा आवस्यक कारबाही गरिन थालिएको जिल्ला प्रहरी कार्यालय बाजुराले जनाएको छ । भाडादर पूर्ण रुपमा कार्यान्वयनका लागि जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरी कार्यालय र ट्राफिक प्रहरीहरूबाट विभिन्न स्थानहरूमा कडाइका साथ चेकजाँच भइरहेको जिल्ला प्रहरी कार्यालय बाजुराले जनाएको छ । जिल्ला प्रहरी कार्यालयले प्रत्येक ईलाका प्रहरी कार्यालयलाई सवारी चेकजाँच गरी पूर्ण रुपमा भाडा कार्यान्वयन गराउन निर्देशन दिएपछि हाल भाडादर कायम हुन थालेको छ ।

व्यवसायीलाई पनि कारबाही

गत पुस २० गते बसेको बैठलको निर्णयअनुसारको नयाँ भाडादर कार्यान्वयनमा आएपछि जिल्लाका दुई दर्जन जिप व्यवसायीलाई कारबाही गरिएको छ। व्यक्तिगत प्रयोजनका लागि दर्ता गरी (रातो नम्बर प्लेट) सार्वजनिक सवारी साधनको रुपमा यात्रुहरु बोकी हुम्ला-बाजुरा चलेका सवारी साधनहरुलाई सार्वजनिक सवारी साधनको रुपमा आवश्यक कानूनी प्रक्रिया पूरा गरी सञ्चालन गर्ने गरी कागज गराई ट्राफिक जरिबानासमेत गरी छोडिएको जनाइएको छ ।

# रोटरी क्लब अफ रुद्रमतिद्वारा ‘मेडिकल उपकरण’ हस्तान्तरण

**काठमाडौं/मस–** रोटरी क्लब अफ रुद्रमतिले दक्षिणकाली नगरपालिका फर्पिङमा रहेको मनमोहन स्मृति सामुदायिक अस्पताललाई ‘मेडिकल उपकरण’ हस्तान्तरण गरेको छ । दक्षिणकाली नगरपालिका-६ फर्पिङमा रहेको अस्पतालमा आयोजित एक कार्यक्रमकाबीच स्वास्थ्य तथा जनसंख्यामन्त्री पदम गिरीले अस्पताल सञ्चालक समितिका अध्यक्ष पूर्णबहादुर शाहीलाई ३४ प्रकारका मेडिकल उपकरण हस्तान्तरण गरेका हुन् ।

ग्लोबल ग्रान्ट अन्तर्गत द रोटरी फाउण्डेशन तथा रोटरी डिस्ट्रिक्ट ६०४० अन्तर्गतका पाँच रोटरी क्लवको सहयोगमा रोटरी क्लब अफ रुद्रमति काठमाडौंले मेडिकल बेड (२० वटा), थर्ममिटर (५० वटा), क्स-रे भ्यु बक्स (५ वटा) र यूनिनरी क्थेटर (८० वटा) लगायत ३४ प्रकारका उपकरण हस्तारण गरिएको हो । सो अवसरमा मन्त्री गिरीले दुर्गम र आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुको पहुँचमा स्वास्थ्य सेवा पुऱ्याउँदै समग्र नेपालको स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने सरकारको मुख्य योजना रहेको बताए । मन्त्री गिरीले अब




सरकारले छिट्टै स्वास्थ्य बीमालाई निरन्तरता दिने र बीमामार्फत स्वास्थ्य क्षेत्रलाई निःशुल्क बनाउने प्रतिबद्धता समेत व्यक्त गरे । उनले जिर्ण अवस्थामा रहेको किर्तिपुर, दक्षिणकाली हुँदै हेटौंडा जोड्ने सडक पुनःनिर्माणको निम्ति पहल गर्ने आश्वासन समेत दिए ।

दक्षिणकाली नगरपालिकाका मेयर मोहन बस्नेतले दक्षिणकाली हुँदै हेटौंडा जाने बाटो निर्माणका लागि पहल गर्न मन्त्री समक्ष आग्रह गरे । उनले दक्षिणकाली नगरपालिकालाई नमूना नगरपालिकाको रुपमा विकास गर्ने योजना सुनाउँदै सहयोगको निम्ति संघ र प्रदेश सरकारसँग अपिल गरे । कार्यक्रममा रोटरी डिस्ट्रिक ३२९२ नेपाल भूटानका डिस्ट्रिक्ट गभर्नर जितेन्द्रबहादुर राजभण्डारी र पूर्व गभर्नर दिलेन्द्र राज श्रेष्ठले रोटरी क्लबले खासगरी शिक्षा, स्वास्थ्य, वातारण, शान्ति तथा द्वन्द्व निरुपण र बालबालिकाको क्षेत्रमा सक्रियताका साथ काम गर्दै आएको बताए ।

अस्पताल सञ्चालक समितिका अध्यक्ष पूर्ण बहादुर शाहीले स्वास्थ्य बीमालाई निरन्तरता दिनुका साथै आफ्नो अस्पतालले शुरु गर्न लागेको ‘डाइलासिस’ सेवा सञ्चालनको निम्ति आर्थिक सहयोग गर्न अनुरोध गरे । रोटरी क्लब अफ रुद्रमतिका अध्यक्ष किशोर त्रिपाठीले अहिले क्लबले मेडिकल उपकरण मात्रै सहयोग गरेपनि आगामी दिनमा अन्य विविध सहयोग गर्ने प्रतिबद्दता व्यक्त गरेका थिए ।

# संखुवासभाका सफल ३१ व्यक्तिहरु समेटिएको पुस्तक सार्वजनिक

**काठमाडौं/मस–**‘संखुवासभाका सफल व्यक्तित्वहरु’ नामक पुस्तक सार्वजनिक भएको छ ।

संखुवासभा जिल्लामा जन्मिएर विभिन्न क्षेत्रमा उच्च स्थानमा पुगेका सफल ३१ व्यक्तिहरुको जीवनी र दृष्टिकोण समेटेर उक्त पुस्तक बजारमा ल्याइएको हो ।

बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माको प्रमुख आतिथ्यतामा शनिबार काठमाडौंमा संयुक्तरुपमा पुस्तकको लोकापर्ण गरिएको छ । बागमती प्रदेश प्रमुख शर्माले नेपालको विकासमा पहिलो स्थान र भूमिका निर्वाह गर्ने व्यक्तिहरुको छुट्टा छुट्टै अनुभव र दक्षता एउटै पुस्तकमा समेटिएकाले पुस्तक पठनीय र ऐतिहासिक हुने बताए । उनले भने, ‘पुस्तकमा समेटिनु भएका व्यक्तिहरु संखुवासभाको मात्र नभई सिंगो नेपाल र अन्तर्राष्ट्रिय छबी बनाउन सफल व्यक्तिहरु हुनुहुन्छ, उहाँहरुको ज्ञान, अनुभव, अनुभुति र दृष्टिकोण नयाँ पुस्ताकालागि पनि मार्गदर्शक अवश्य बन्नेछ ।’ पाठक धारा टोल विकास संस्था संखुवासभाले प्रकाशन गरेको पुस्तकमा



विभिन्न विद्यामा उच्चता हासिल गरेका संखुवासभाका ३१ जना व्यक्तिहरुको जीवनी र दृष्टिकोण समेटिएको छ। नेपाल सरकारका उर्जा सचिव दिनेश घिमिरे, अमेरिकाका लागि नेपालका पूर्व राजदूत तथा विकासविद् डा. अर्जुन कार्की, उद्योग बाणिज्य महासंघका पूर्व अध्यक्ष तथा उद्योगपति कुशकुमार जोशी, राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ,संस्कृतिविद् प्राध्यापक रमेश ढुंगेलको अनुभव र जीवनी पुस्तकमा समेटिएको छ ।

त्यसैगरी सुशासनविज्ञ डा. हिरामणी घिमिरे, पूर्व सचिव शारदाप्रसाद त्रिताल, मानव अधिकारकर्मी कृष्ण पहाडी, नागरिक उड्डयन प्राधिकरणका वरिष्ठ उडान सञ्चालक निरीक्षक क्याप्टेन डिआर निरौला, सांसद दिपक खड्का, पूर्व सांसद राजेन्द्र गौतम, प्रदेशसभा सदस्य राजेन्द्र कार्की, उद्योगपति कृष्णगोपाल श्रेष्ठ, कीर्तिमानी आरोहि मिङ्मा शेर्पा, छिरीङ पान्दे भोटे, थानेश्वर गुँरागाईको अनुभव र अनुभुति पुस्तका समेटिएको छ ।

पुस्तकमा युवा व्यवसायी सुजनकुमार श्रेष्ठ, इपानका पूर्व अध्यक्ष हाईड्रोविद् शैलेन्द्र गुराँगाई, प्याब्सनका पूर्वअध्यक्ष टिकाराम पुरी, बागमती सफाई अभियन्ता डा.राजु अधिकारी, खुला दिशामुक्त अभियानका राष्ट्रिय संयोजक गुणराज श्रेष्ठ, शिक्षाविद् तथा उद्योगपति तेजबहादुर ढकाल, जलबिद्युत लगानी तथा विकास कम्पनीका प्रमुख कार्यकारी अधिकृत अर्जुन गौतम, सुशासनविद् हेमराज पौडेल, कर्मचारी सञ्चयकोषका पूर्व प्रशासकीय प्रमुख तुलसी गौतम, इञ्जिनीयर अध्ययन संस्थानको पूर्व सहायक डिन प्राध्यापक तेजराज थापा, सर्वोच्च अदालतका पूर्व न्यायाधिश राजेन्द्र भण्डारी, न्यायाधिश हरि फुयाँल, हेल्पिङ हेण्डसका प्रमुख डा. गुप्तबहादुर श्रेष्ठ, प्रशासक अनिता निरौलाका अनुभव र अनुभूति रहेका छन् । संखुवासभाका सांसद दिपक खड्काले पुस्तकमा सम्मिलित व्यक्तीहरु नेपालको समग्र विकास र प्रशासनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए । भीमबहादुर कट्टेल संयोजक रहेको सम्पादक मण्डलले सम्पादन गरेको पुस्तकले समृद्ध संखुवासभा मात्र नभई देशलाई नै समृद्धितर्फ डोहोऱ्याउन सक्ने व्यक्तिहरुको आलेख छ ।

## केन्द्रदेखि...

समर्थन आवश्यक पर्दथ्यो । एमालेका गिरीलाई ५८ सांसदको समर्थन छ ।

गत चुनावबाट यो प्रदेशमा पहिलो दल बनेको एमालेसँग २९ सीट छ । एमालेले २७ सिट रहेको कांग्रेसलाई छाडेर सरकार बनाएको हो । यस प्रदेशमा माओवादी ९, नागरिक उन्मुक्ति र राप्रपा ४/४ र जसपा-लोसपा ३/३ सिट छ ।

कर्णाली प्रदेशमा कांग्रेसका १४, माओवादीका १३, एमालेका १० सांसद छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र एकीकृत समाजवादीका १/१ सांसद छन् भने १ जना स्वतन्त्र गरी ४० सांसद रहेका छन् ।

एमाले-माओवादीले आलोपालो सरकार बनाउने सहमति अनुसार सुदूरपश्चिमको मुख्यमन्त्री भएका एमालेका राजेन्द्र रावलले आधा कार्यकाल माओवादीलाई छाड्नुपर्नेछ। ५३ सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा सरकार गठनका लागि २७ जनाको समर्थन चाहिन्छ । यहाँ ठूलो दल कांग्रेसको १९, नेकपा माओवादी केन्द्रको ११, नेकपा एमालेको १०, नागरिक उन्मुक्ति पार्टीको ७, नेकपा एकीकृत समाजवादीको ४, राप्रपाको १ र एक स्वतन्त्र सांसद छन् ।

केन्द्रीय गठबन्धन अनुसार नै सुदूरपश्चिममा सरकार बनेको हो । यो प्रदेशमा नागरिक उन्मुक्ति पार्टीले समेत मुख्यमन्त्रीमा दाबी गरेको थियो । तर, नागरिक उन्मुक्ति पार्टीले मुख्यमन्त्री पाउन सकेन । अहिले विश्वासको मतको विषयलाई लिएर फेरि पनि नागरिक उन्मुक्ति पार्टीले आफ्ना एजेण्डा अगाडि सारिरहेका छन् ।

## संघको...

एक सदस्य निर्वाचित भएका छन् । अध्यक्षमा अरोरा ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक राजेन्द्र भण्डारी निर्वाचित भए । उनी नेकपा एमाले निकट प्रगतिशील मञ्च नेपालका अध्यक्ष समेत हुन् । संघ निर्वाचनमा खसेको ६ सय ४६ मतमध्ये अध्यक्षमा निर्वाचित भण्डारीले १ सय ९९ मत ल्याएका थिए । संघको प्रथम उपाध्यक्षमा मञ्चका वरिष्ठ उपाध्यक्ष ओमेगा पावर माइण्डस प्रा.लि.का सञ्चालक डिक बहदुर खत्री (कुमार), द्वितीय उपाध्यक्षमा अलकरीम ह्युमन रिसोर्सेज प्रा.लि.का सञ्चालक सञ्जु गुरुङ र तृतीय उपाध्यक्षमा सिम्रिक ओभरसिज प्रा.लि.का सञ्चालक रोशन कटुवाल निर्वाचित भएका छन्। महासचिवमा नील कमल ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक मेघनाथ भुर्तेल, सचिवमा डाइनामिक स्टाफिङ सोलुशन प्रा.लि.का सञ्चालक कर्णराज कटुवाल र कोषाध्यक्षमा रिलायन्स रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि.की सञ्चालिका सरिता घले निर्वाचित भएकी छन् ।

सदस्यहरुमा ग्रोथ प्रोसेस इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.का सञ्चालक राजेन्द्र बस्नेत, शुभ हारती म्यानपावर प्रा.लि.का सञ्चालक विक्रम श्रेष्ठ, दि एक्वायर ग्रुप प्रा.लि.की सञ्चालिका देवी माया थापा, न्यू अल्फा एचआर सर्भिसेज प्रा.लि.का सञ्चालक बैकुण्ठप्रसाद पौडेल (वैभव), सिल्भर कर्नर इन्टरनेशनल प्रा.लि.का सञ्चालक कैलाश पाठक, माउन्टेन ग्रुप इन्टरनेशनल प्रा.लि.का सञ्चालक देउमान नेम्वाङ (डि.एम. सुब्बा) निर्वाचित भएका छन् ।

कार्यसमितिका अन्य सदस्यहरूमा अल हाया ओभरसिज प्रा.लि.का सञ्चालक आनन्दप्रसाद कोइराला, युरो एशिया म्यानपावर प्रा.लिका सञ्चालक नारायण भुषाल, फाइन जब रिक्रुटमेन्ट प्रा.लि.का सञ्चालक तोरणकुमार कार्की र उज्यालो ओभरसिज प्रा.लि.का सञ्चालक चन्द्रबहादुर लिम्बू निर्वाचित भएका छन् ।

## विप्रेषण...

अर्थमन्त्री पौडेलले भने, ‘विप्रेषणबाट भित्रिएको रकम उत्पादन, निर्माण र रोजगारीका साथै नयाँ अवसर सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न सक्छौं ।’ अर्थमन्त्री पौडेलले त्यसका लागि नीतिगत र कानूनी क्षेत्रमा देखिएका समस्यालाई परिमार्जन र सुधार गर्न तयार रहेको बताए ।

गैरआवासीय नेपालीले उठाएको नागरिकतासम्बन्धी चासोप्रति सरकारको ध्यानाकर्षण भएको बताउँदै मन्त्री पौडेलले भने, ‘गैरआवासीय नेपालीको आर्थिक तथा सामाजिक अधिकारसहितको नागरिकता प्राप्त गर्ने संविधानमा हामीले जुन प्रबन्ध गरेका छौं, त्यो छिट्टै पूरा गर्ने गरी हामी अघि बढेका छौं ।’

उनले सहज ढंगले नागरिकता प्राप्त गर्न सकिने र नेपालमा लगानी गर्न थप अनुकूल परिस्थिति सिर्जना हुनेमा विश्वास व्यक्त गरे । वैदेशिक लगानी तथा प्रविधिसम्बन्धी ऐनले गैरआवासीय नेपालीलाई विदेशी नागरिक सरह लिएको विषयप्रति आफ्नो ध्यानाकर्षण भएको भन्दै उनले त्यस विषयलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरे । गैरआवासीय नेपालीले नेपालमा आउँदा प्रवेशाज्ञा लिनुपर्ने विषयमा पनि ध्यान गएको भन्दै उनले नागिरकतासम्बन्धी विषय समाधान गरेसँगै यो समस्या पनि समाधान हुने बताए ।

‘नेपालको आर्थिक विकासमा प्रवासमा रहेका गैरआवासीय नेपालीहरुको ठूलो योगदान छ। आागमी दिनमा अझ प्रभावशाली हुँदैछ,’ उनले भने, ‘रेमिट्यान्स मात्रै नभइ वैदेशिक लगानीका निम्ति पनि नेपालको सद्भावना दूतका रुपमा प्रत्येक प्रवासी र गैरआवासीय नेपालीले भूमिका खेल्नुहुनेछ भन्नेमा विश्वास व्यक्त गर्दछु।’ नेपाल लगानीका निम्ति सुरक्षित स्थान भएको र प्रतिफल पनि दिने स्थान भएको भन्दै उनले यो सन्देश संसारभरका लगानीकर्ताका माझ पुऱ्याइदिन आग्रह पनि गरे ।

कार्यक्रमका सहभागीहरुले विप्रेषणले नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै नेपालको अर्थतन्त्र मजबुत पार्न कृषि, पर्यटन, ऊर्जा, पूर्वाधार, मानवीय संशोधन, औद्योगीकरण, सेवा क्षेत्र, सामाजिक सुरक्षा लगायतमा जोड दिनुपर्ने सुझाव दिए ।

## कामदारमाथि...

धारा २९७ मा श्रमिकमाथि काम गर्न अनावश्यकरुपमा बाध्य पार्ने नियतले बल, हिंसा वा धम्कीको प्रयोग गरेमा ६ महिनाभन्दा कम अवधिका लागि थुनामा राख्ने सजाय हुने व्यवस्था गरेको छ ।

योजनावद्ध ढंगले कामदारमाथि व्यक्तिगत वा सामूहिक दुर्व्यवहार गरेको अवस्थामा एक वर्षसम्म कैद र एक लाख दिरामसम्म जरिवाना हुने व्यवस्था गरिएको समाचारमा उल्लेख छ ।


### राहदानी हरायो

मिति २०७९/०९/२६ गते गौशाला देखि चक्रपथ सम्म जाँदा हेभन ओभरसिज प्रा.लि.को साउदीको आईडी होल्डरबाट निम्न ब्यहोराको भिषा लागेको राहदानी हराएकोले पाउनुहुने महानुभावहरुले तलको ठेगानामा वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध गर्दछौं ।

**नामः कमलेश हजारी**
**ठेगानाः सर्लाही**
**राहदानी नं.: ११०४९३१६**
**सम्पर्क नं. : ९८६०९४५५७७/९८४१४५९६६८**

### राहदानी हरायो

मिति २०७९/०९/२६ गते गौशाला देखि चक्रपथ सम्म जाँदा हेभन ओभरसिज प्रा.लि.को साउदीको आईडी होल्डरबाट निम्न ब्यहोराको भिषा लागेको राहदानी हराएकोले पाउनुहुने महानुभावहरुले तलको ठेगानामा वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध गर्दछौं ।

**नामः धर्मदेव मण्डल**
**ठेगानाः सप्तरी**
**राहदानी नं.: १२५७३५४२**
**सम्पर्क नं. : ९८६०९४५५७७/९८४१४५९६६८**

### राहदानी हरायो

मिति २०७९/०९/२६ गते गौशाला देखि चक्रपथ सम्म जाँदा हेभन ओभरसिज प्रा.लि.को साउदीको आईडी होल्डरबाट निम्न ब्यहोराको भिषा लागेको राहदानी हराएकोले पाउनुहुने महानुभावहरुले तलको ठेगानामा वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध गर्दछौं ।

**नामः नाजीरुल अन्सारी**
**ठेगानाः मोहत्तरी**
**राहदानी नं.: ०८५१९५३६**
**सम्पर्क नं. : ९८६०९४५५७७/९८४१४५९६६८**

### शिवाकोटी मेनपावर सर्भिस प्रा.लि.को अत्यन्त जरुरी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न अनुमति प्राप्त **शिवाकोटी मेनपावर सर्भिस प्रा.लि.(श्रम इजाजत पत्र नं.: ८०६/०६५/०६६)** बाट मिति २०७९ पौष २६ गते (१० जनवरी २०२३) मा **ईजादा क्लिनङ्** कम्पनीमा **माया नेपाली (पासपोर्ट नं.: PA ०१४१४८७)** सहित २९ जनाको उडान हुँदा उक्त कम्पनीमा गएको कामदार **माया नेपाली (पासपोर्ट नं.: PA०१४१४८७)** एयरपोर्टबाट उक्त कम्पनीको प्रतिनिधि लिन आउँदा सम्पर्कविहिन भएको र कम्पनीले बारम्बार सम्पर्क गर्न खोज्दा पनि सम्पर्कमा नआएकोले केही कारणबश नेपाल फर्की आएमा यस कार्यालय जवाफदेही हुने छैन, स्वयं आफैं जवाफदेही हुनुपर्ने छ भनि यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**शिवाकोटी मेनपावर सर्भिस प्रा.लि.**
टाउन प्लानीङ, गोंगबु, काठमाडौं, नेपाल, फोनः ४३८७९९१, ४३८७९९२, ४३५४१०६
Email: bhupal@siwakoti.com

### सान्केवा सा.व.उ.स. बेलका नपा–७ उदयपुरको काठ लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/१०/०९

यस समूहले आर्थिक वर्ष २०७८/०७९ मा नियामानुसार संकलन गरी समूहको घाटगद्दीमा रहेको लट नम्बर ४ को साल जातको थान ३६५ को ८०७.८३ क्यू.फि काठ समूह बाहिर बिक्री वितरण गर्नु पर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । इच्छुक भ्याटमा दर्ता भएका काष्ठ व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन सम्म बोलपत्र खारिद गरि २२ औं दिनको दिन रित पूर्वक शिलबन्दी बोलपत्र दाखिला गर्न हुन अनुरोध छ । विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।

### SAUDI मा रोजगारको अवसर

कम्पनी : HERFY FOR FOOD SERVICES CO
शहरः Saudi Arabia,RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०९/२६ | चलानी नं.: ६०१९४८१२ | LT. No.: 279267 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Kitchen Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३४,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : HERFY FOR FOOD SERVICES CO
शहरः Saudi Arabia,RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०९/२६ | चलानी नं.: ६०१९४८१५ | LT. No.: 279268 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Kitchen Worker | 60 | 0 | स. काममा दक्ष | 1000 | ३४,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता होटल खुकुरी, इटहरी, सुनसरीमा २०७९ माघ १६ गते (30 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Young Manpower Pvt. Ltd.**
P.Box: 26144, Battisputali-9, Kathamandu, Tel: 4483814, 4483815, 4483816, 4483817
Email:youngmanpower123@gmail.com
Govt Lic. No. 1047/073/074

### साउदीमा रोजगार

१. कम्पनीः Alma Middle East Food Trading Company
शहरः Dammam

पूर्व स्वीकृत मितिः २०७९/१०/०८ | चलानी नं.: ६०१९५३६५ | LT. No.: 279887

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Shopkeeper | 2 | 0 | स. काममा दक्ष | 1500 | ५१,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ माघ १६ गते (30 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
जावलाखेल, ललितपुर, नेपाल, फोनः ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com
श्रम इजाजत नं. ८७५/०६६/०६७

### साउदीमा रोजगारको अवसर

कम्पनीः YANA BAKERY CO.
शहरः JEDDAH

पूर्व स्वीकृत मितिः २०७९/१०/०४ | चलानी नं.: ६०१९५३६१ | L.T. No.: 279702

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Kitchen Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५१,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Baker | 1 | 0 | | 1500 | ५१,७०५ | | | | | | | |
| 3. | Sweet Maker | 1 | 0 | | 1500 | ५१,७०५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १६ गते (30 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ८४५/०६६/०६७
सामाखुसी, काठमाडौं, नेपाल, फोनः ४३८८३८०, ४३८२५३३, फ्याक्सः ४३८८३८१

### साउदीमा रोजगारको अवसर

कम्पनीः DANAT AL AMAR CONTRACTING COMPANY
शहर : RIYADH

पूर्व स्वीकृत मितिः२०७९/०९/१२ | चलानी नं.: ६०१९३८८७ | LT. No.: 278295 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Worker | 54 | 0 | स. काममा दक्ष | 1000 | ३४,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १६ गते (30 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Metta International Pvt. Ltd.**
सिनामंगल टावर, सिनामंगल चोक, काठमाडौं, फोनः ४१११२६९, ४१११२६७ Fax.: 4112978
Email- mettaint5@gmail.com,info@mettaint.com Web.: www.mettaint.com
श्रम इजाजत नं. ५३०/०६१/०६२

# जिप दुर्घटनामा चार जनाको मृत्यु



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ८ माघ

सुर्खेतमा जिप दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ। छिन्चुदेखि वीरेन्द्रनगरका लागि छुटेको बागमती प्रदेश ०१०२६ च ९२१३ नम्बरको जिप आइतबार बिहान साढे दुई बजे वीरेन्द्रनगर नगरपालिका ११ झुप्राखोलास्थित रत्न राजमार्गमा अनियन्त्रित भइ दुर्घटना भएको हो । दुर्घटनामा अन्य एक जना घाइते भएका छन्।

मृत्यु हुनेमा जिप चालक वीरेन्द्रनगर नगरपालिका ७ का २७ वर्षीय सागर शाही, दैलेखको डुङ्गेश्वर गाउँपालिका ५ का ३३ वर्षीय दीपेन्द्रजंग शाही, दैलेख भगवतीमाई गाउँपालिका ५ का ३१ वर्षीय बविन शाही र दैलेख गुराँस गाउँपालिका ३ का ३६ वर्षीय राजेन्द्र बिसी रहेका छन् ।

दुर्घटनामा घाइते भएका उनीहरूको कर्णाली प्रदेश अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका डिएसपी एवं प्रहरी नायव उपरीक्षक सुरज कार्कीले जानकारी दिए। दैलेख भैरवी गाउँपालिका ५ का २५ वर्षीय वीरेन्द्रराज शाही भने घाइते भएका छन् । उनको प्रदेश अस्पताल कालागाउँमा उपचार भइरहेको छ । जिप अनियन्त्रित भएर सडकबाट अन्दाजी ८० मिटर तल खसेको प्रहरीले जनाएको छ ।

# भारतमा अपहरणपछि दुई नेपालीको हत्या

**मध्यान्ह संवाददाता**
जनकपुर, ८ माघ

धनुषा जनकपुरधामका दुई युवाको भारतमा अपहरणपछि हत्या भएको छ । जनकपुरधाम उपमहानगरपालिका-८ का २१ वर्षीय रोहित साह र वडा नं १३ का २२ वर्षीय विष्णु साहको अपहरणपछि हत्या भएको हो ।

दुवैजना गत पुस २७ गतेदेखि बेपत्ता थिए । सम्पर्कविहीन भएका उनीहरु एउटै परिवारका हुन् । रोहित विष्णुलाई लिएर भारतको सीतामढी जिल्लाको बेला परिहार बस्ने एक नातेदारको घर गएका थिए । गत सोमबार विष्णुका परिवारलाई भारतीय नम्बरबाट अपहरणकारीले रु.५० लाख रकम माग गरेका थिए। विष्णुको परिवार अपहरणकारीलाई रु.२० लाख दिन सहमत भएका थिए ।

अपहरणकारीले रु.२० लाख लिएर सर्लाहीको मलङ्गवा नजिक नेपाल-भारत सीमा क्षेत्रमा बोलाएका थिए । यसबारे विष्णुको परिवारले प्रहरीलाई जानकारी गराएको थियो । 'हामीले यसबारे भारतीय प्रहरीलाई खबर गऱ्यौं', धनुषाका प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले भने, 'भारतीय प्रहरीले दुई शव भेटेपछि हामीलाई खबर गरेको हो ।'

भारत बिहारको सीतामढीमा खाडलमा गाडिएको अवस्थामा दुवै जनाको शव फेला परेको डिएसपी क्षेत्रीले बताए । घटनापश्चात प्रहरीले पाँच जनालाई पक्राउ गरेको छ। घटनामा संलग्न रहेको आरोपमा धनुषा प्रहरीले २ जना र भारतीय प्रहरीले तीन जनालाई पक्राउ गरेको हो। घटनामा संलग्न रहेका अन्य चारजना फरार रहेका र उनीहरुको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/१०/०९**

**बिक्रम कंस्ट्रक्शन एण्ड कन्सल्टेन्ट मल्टिपर्पोज प्रा.लि.**को विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आमा बुवा कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट मल्टिपर्पोज प्रा.लि. (प्रा. लि. नं.: २५११७५)** कायम गर्ने गरी मिति २०७९/०४/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कर्मचारी आवश्यकता

**यस म्यानपावर कम्पनीको लागि कर्मचारीहरु आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।**

PRO : 5 (Male/Female)
Office Manager : 1 (Male/Female)

Salary: Negotiable

सम्बन्धित क्षेत्रमा न्यूनतम ३ वर्षको अनुभव भएका इच्छुक उम्मेदवारहरूले आफ्नो आवेदन कभरिङ लेटर, अद्यावधिक गरिएको CV र भर्खरको फोटोसहित निम्न ठेगानामा आवेदन दिन सक्छन् ।

श्रम इजाजत नं.: ८२३/०६६/०६७

**Al Secure Manpower Recruitment P. Ltd.**
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal
P.O Box: 23949 Tel: 01-4592900 | 4590800 | 4589700
Email: documentation@smrnepal.com | Website: smrnepal.com

## साउदीमा रोजगारको अवसर | कम्पनी : NAS MANPOWER COMPANY

शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०६/१४ चलानी नं.: ६०१६४५४१ LT. No.: 247388 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 100 | 0 | स. काममा दक्ष | 1000 | ३४,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १३ गते (27 January 2023) मा हुनेछ ।

२. कम्पनी : MARBELLA NIGHTS FURNISHED APARTMENTS शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०९/२९ चलानी नं.: ६०१९५०१४ LT. No.: 279504

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४१,३६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : AL-MANAR STARS CAR SERVICES EST शहर : Saudi Arabia, KSA

पूर्व स्वीकृत मितिः २०७९/०९/२५ चलानी नं.: ६०१९५३५७ LT. No.: 279266

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Cleaner | 4 | 0 | स. काममा दक्ष | 1000 | ३४,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १५ गते (29 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: १०९०/०७३/०७४

**NEW ALFA H.R. SERVICES PVT. LTD.**
Maharajgung-3, Kathmandu | Tel:9829069388,9851316392, 01-4721183, 01-4721184
E-mail: newalfahrs@gmail.com | Web.: www.newalfahrs.com

## OMAN मा रोजगार | १. कम्पनी : ABU LAILA NATIONAL ENTERPRISES LLC

शहर: MUSCAT

पूर्व स्वीकृत मितिः२०७९/१०/०५ चलानी नं.:६०१९५३५३ L.T. No.:279738

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dry Cleaning Worker | 0 | 2 | सम्बन्धित काममा दक्ष | 120 | ४०,९५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Public Buildings | 0 | 1 | | 120 | ४०,९५९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १६ गते (30 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ६८३/०६३/०६४

**इभरग्रिन ईम्प्लोइमेन्ट प्रा.लि.**
जि.पि.ओ. बक्स नं. ८९७३, एनपिसि ८०६, शंखमुल मार्ग, नयाँ बानेश्वर-१०, काठमाडौं, नेपाल
फोनः ४७८४३५३, फ्याक्सः ४७८२९२०, Email: info@evergreenemp.com.
evergreenempl@gmail.com | Website: evergreenemployment.com.

## साउदीमा रोजगार | कम्पनीः FUTURE MAKERS LTD

शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७९/१०/०६ चलानी नं.:६०१९५३३९ LT. No.:279826

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 60 | 0 | स. काममा दक्ष | 1000 | ३४,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १६ गते (30 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४

**Nepal HR Solution Pvt. Ltd.**
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554
Email :- snepalhr@gmail.com

## साउदीमा रोजगारको अवसर | कम्पनीः EASTERN COAST POLYSTYRENE

शहरः Saudi Arabia,NA

पूर्व स्वीकृत मितिः २०७९/०९/२५ चलानी नं.: ६०१९४७२६ L.T. No.: 279227 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Store Labour | 15 | 0 | स. काममा दक्ष | 1000 | ३४,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १६ गते (30 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**कस्मस नेपाल ह्युमन रिसोर्स प्रा.लि.** श्रम ईजाजत नं: ७३३/०६४/०६५
लाजिम्पाट, गरिमा विकास बैंकको पछाडी, काठमाडौं, फोन नं: ०१-४४४५७९३/४४४५७९४

## कतारमा रोजगार Touch For Cleaning Hospitality Trading

पूर्व स्वीकृती मितिः २०७९/१०/०४ चलानी नं.: ६०१९५२३१ LT No.: 279729

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR. | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Cleaning Worker | 00 | 25 | कामम दक्ष | 1000 | ३५,६५३।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | कामदार आफैले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निः शुल्क |

अन्तरवार्ता : २०७९ माघ २३ गते (6 Feb, 2023) यस प्रा. लि. को कार्यालय स्यूचाटार, कलंकी, काठमाडौमा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, बानेश्वरमा सम्पर्क राख्नुहोला।

**रकि ईन्टरनेशनल प्रा. लि.** श्रम ईजाजत न.५६४/०६२/०६३
स्यूचाटार, कलंकी, काठमाडौं, फोनः ०१-५२२४५०१, ५२२४५०३

# Chhathar Jorpati Rural Municipality

# Office Of The Rural Municipal Executive

**Jorpati, Dhankuta**

**Province1**

## Invitation for Online Bids

**Date of publication: 2079/10/09 (2023-01-23)**

1. The Chhathar Jorpati Rural Municipality Jorpati, Dhankuta invites Online Bids from eligible bidders for the procurement of the following works.

| S.N. | Contract ID | Description | Estimated Amount NRs | Bid Doc. Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 03/CJRMUN/SQ/2079/080 | Supply of Medicine | 15,00,000/- | 1,000 | 39,000 | 75Days | Goods Sealed Quotation | **2079/10/24** (2023-Feb-07) |
| 2 | 04/CJRMUN/SQ/2079/080 | RM Building Truss Work | 17,33,394.15/- (Exclusive of VAT and Contingencies) | 1,000 | 49,000 | 75Days | WorksSealed Quotation | **2079/10/24** (2023-Feb-07) |

2. The Sealed Quotations must be submitted electronically only. Eligible Bidders may obtain further Information from PPMO website:www.bolpatra.gov.np/egp.
3. Bidder who submit their bid electronically may download the bidding documents from www.bolpatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the following account.
   **Name of the Bank : Nabil Bank Ltd. Sindhuwa, Dhankuta.**
   **Name of Office : Chhathar Jorpati Rural Municipality, Jorpati, Dhankuta.**
   **OfficeAccountName and No. : Antarik Rajaswa Khata 20901017500044**
4. Bid security amount deposited at Name and A/C No. **Dharauti Khata 20901017500025** on the behalf of Chhathar Jorpati Rural Municipality at Nabil Bank Ltd. Sindhuwa Branch. Or Bidder who choose to submit their bid security amount as Bid bond, the bid bond should be issued from authorized and recognized commercial bank or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. As can copy of bid bond is mandatory.
5. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064 following all revision.

**Government of Karnali Province**
**Ministry of Social Development**
**Education Development Directorate**
**Social Development Office, Salyan**

## INVITATION FOR BIDS (IFB)

**Notice No: 1-2079/080**
**Date of publication: - January 22, 2023 or 2079/10/09**

1. Social Development Office Salyan invites following electronic bid from eligible Nepalese Bidders under National Competitive Bidding.
2. details of the projects are as follows;

| S. N. | Contract No. | Description of Work | Estimated Amt. (Without Vat) | Bid Security Amount (Nrs) | Bid Document Fee (Nrs) | Bid /Bid Bond Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | SDO/SALYAN/WORKS/NCB/01-2079/80 | RCC FRAME STRUCTURE SCHOOL BUILDING CONSTRUCTION PROJECT OF SHIVA JANA MA VI SARADA-1, SALYAN | 8,619,555.63 | 244000.00 | 3000.00 | 90 days/120 day |

3. Pre bid meeting date February 13, 2023 at 13:00 Hrs
4. Bid submission 22 February 2023 till 12:00 Hrs, bid opening date 22 February 2023 till at 13:00 Hrs for all the details please refer to complete set of bidding document at Social Development Office, Salyan Tel no 9857824433 or sdosalyan@gmail.com.
5. Eligible Bidders may obtain further information from PPMO's website: www.bolpatra.gov.np/egp.

**Office Chief**

मध्यान्ह
www.madhyanhadaily.com
९ माघ २०७९, सोमबार
23 January 2023, Monday

सम्पादकीय

## कांग्रेस हिँडेको उल्टो बाटो

प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले आइतबार संघीय संसद सचिवालयमा आफ्नो पार्टी प्रमुख विपक्षी दल भएको दावी सहित सेवासुविधाको माग गरेको छ । जबकी संसदको तेस्रो दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा सात दलीय गठबन्धनको सरकार बनेकाले कांग्रेस स्वतः प्रमुख विपक्षी दल हुनुपर्ने हो । किनकि संसद्को दोस्रो ठूलो दल नेकपा एमालेको समर्थनमा बनेको यो सरकारमा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र जनमत पार्टी सहभागी छ । जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी र नागरिक उन्मुक्तिले पनि सरकारलाई समर्थन गरेपनि सरकारमा सहभागी छैन । जसपा र नागरिक उन्मुक्तिले प्रचण्डलाई प्रधानमन्त्रीको दावी गर्दै राष्ट्रपति कार्यालयमा बुझाइएको पत्रमै हस्ताक्षर गरेका थिए ।

तर कांग्रेसले प्रमुख विपक्षी दलको दावी नै पेश गर्नुपर्ने अवस्था भने प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएकाले सिर्जना भएको हो । २६ पुसमा प्रधानमन्त्री प्रचण्डलाई नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र राष्ट्रिय जनमोर्चा बाहेक २६८ सांसदले विश्वासको मत दिएका थिए । यही तथ्य अगाडि सारेर नेमकिपाका सांसद प्रेम सुवालले आफ्नो दललाई प्रमुख विपक्षी तोकिदिन सभामुख देवराज घिमिरे समक्ष निवेदन दिएको छ । त्यसको भोलिपल्टै कांग्रेसले आफ्नै दल प्रमुख विपक्षी भएकाले सेवासुविधा माग गर्दै निवेदन दिएको छ । कांग्रेसले सरकारलाई विश्वासको मत दिएपनि आफ्नो दल नै प्रमुख विपक्षी भएको तर्क गरिरहेको छ । २०५१ सालमा पनि एमालेको सरकारलाई विश्वासको मत दिएर सरकारमा सहभागी नभएको नजीर रहेको कांग्रेसले बताइरहेको छ ।

अब प्रमुख विपक्षी दल को बन्छ भन्ने अधिकार भने कानूनले सभामुखलाई दिएको छ । किनकि १० प्रतिशत सांसद संख्या नरहेको शक्ति मात्रै विपक्षमा रहे सभामुखले प्रमुख विपक्षी तोकिदिने प्रावधान छ । यही कानूनी प्रबन्धका कारणले कांग्रेस निवेदन लिएर आफू नै प्रमुख विपक्षी शक्ति भएको दावी गर्नुपर्ने अवस्थामा पुगेको छ । एकप्रकारले यो कांग्रेसका निम्ति दुखद् अवस्था हो । तर सत्तारूढ दलहरूसँग सरकार बनाउन आवश्यक भन्दा बढी सिट संख्या प्रष्ट हुँदाहुँदै कांग्रेसले दिएको विश्वासको मतबारे विश्वासिलो तर्क कांग्रेसले गर्न सकेको छैन । नेताहरूले भने राष्ट्रिय सहमतिमा राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुख चयन गर्न प्रचण्डलाई विश्वासको मत दिएको बताइरहेका छन् । यदि यस्तो भनाइ नै सत्य हो भने कांग्रेसले हिडेको यो बाटो गलत छ । किनकि कांग्रेस संविधानतः प्रमुख विपक्षी शक्ति हो । सरकारको भन्दा कम भूमिका प्रमुख विपक्षी दलको हुँदैन । तर संविधानको व्यवस्था लत्याएर कांग्रेसले पदीय लोभमा गरेको निर्णयमै अडिने अनि प्रमुख विपक्षी दलको दावी गर्नु यसकै इतिहास र पार्टीको मान्यता बिपरीत छ । त्यसबाट कांग्रेस पछि हटेर संवैधानिक भूमिका निर्वाह गर्नु नै उचित हुनेछ । त्यसैपनि प्रमुख विपक्षी दल भनेको भावी सरकार हो, यो तथ्य कांग्रेसले बुझ्नुपर्छ ।

# भ्रष्टाचार : समृद्धिको बाधक

*भ्रष्टाचार रोक्न मुख्यगरी भ्रष्टाचारसँग सम्बन्धित मुद्दाहरूको समयमा नै फैसला गरी दण्ड र सजायँको व्यवस्था कडाईका साथ पालना गराउनुपर्छ । भ्रष्टाचारीमाथि हुने राजनीतिक संरक्षणलाई रोक्नुपर्छ । भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गरी 'भ्रष्टाचार गर्नु महापाप हो' भन्ने मानसिकता पैदा गराउनु पर्छ ।*

अग्रलेख



● झलक शर्मा

मुलुकमा भ्रष्टाचार व्याप्त छ। मौलाएको भ्रष्टाचारले मुलुकलाई खोक्रो बनाइरहेको छ । नागरिकलाई सरकारी कार्यालयहरूप्रति विकर्षण छ । सरकारी कार्यालयलाई सेवा प्राप्ति होइन, त्यहाँ हैरानी व्यहोर्ने थलोको रूपमा ग्रहण गर्ने गरेका छन् । कामप्रतिको हेलचक्राईंले गर्दा सार्वभौम नागरिकले वैधानिकरूपमा सेवा लिन डर मान्नुपर्ने, झुक्नुपर्ने तथा अनावश्यकरूपमा रकम खर्च गर्नुपर्ने अवस्था छ। समयमा काम सम्पन्न हुँदैन, भएको काम पनि अपुरो रहन्छ । कामप्रतिको जिम्मेवारी र उत्तरदायी बन्न नखोज्ने बानी सार्वजनिक सेवा प्रदायकमा छ। 'सरकारी काम, कहिले जाला घाम' भन्ने उखान प्रतिबिम्बित हुन्छ । सेवाग्राहीलाई हेप्ने अनि थर्काउने विषय त बानीकै रूपमा आएको छ। सेवाप्रदायक कर्मचारीमा 'मुस्कानसहितको सेवा' हुनुपर्ने राष्ट्रिय अठोट थियो तर, त्यो व्यवहारमा लागु भएको छैन । सेवाग्राहीहरु भिड हुने कार्यालयमा बढी अनियमितता र भ्रष्टाचार हुने गर्छ। लामो लाइनका कारण बढी समय खर्चनु पर्ने हुनाले सेवाग्राहीले पनि कर्मचारीलाई घुस दिएर सेवा लिने खराब परिपाटी बसेको छ। सक्नेले त घुस दिएर चाँडै सेवा लिन्छन् तर, कमजोर, गरिब निमुखा वर्गहरुले दिन रात सरकारी कार्यालय धाउनु परेको हुन्छ । सेवाग्राहीले कार्य सम्पादनका बारेमा प्रश्न गरे वा टिप्पणी गरे घुमाउरो पाराले कामलाई जटिल बनाइदिने गरेको पाइन्छ ।

सरकारी कार्यालयहरुमा घुस लिने र दिनेबिचको मध्यस्थता गर्ने पनि पाइन्छन् । मध्यस्थताकर्ताले घुस माग्ने कर्मचारीको सहयोगीको भूमिका निर्वाह गर्दछन् । यसले हाकिम, अधिकृतले खान चाहेको रकमबारे घुस दिनेलाई जानकारी गराएको हुन्छ। त्यसरी नै घटाघट वा बढाबढ् वा बार्गेनिङबाट घुस लिने र दिने काम हुन्छ । त्यसरी गर्दा, प्रत्यक्षरूपमा अरुले घुस लिएको र दिएको बारेमा थाहा पाईंदैन । आजभोलि घुस लिने स्वरूपहरु पनि परिवर्तन भएका छन्। घुस लिने काम कार्यालयको शौचालय, कार्यालयको आसपासका पसलहरुमा बढी भएका घटना भेटिएका छन्। डिजिटल माध्यम अपनाउदै कर्मचारीका नजिकका नातेदार वा साथीभाईको बैंक खातामा जम्मा गर्न लगाएको विषय बाहिरिएका छन् । भ्रष्टचारीले आफ्नो अनुकलको वातावरण निर्माण गर्न चाहान्छन् जहाँ गोपनीयता रहोस्। त्यसरी नै भ्रष्टाचारका कृयाकलाप अगाडी बढ्छन् ।

आज भोलि सरकारी कार्यालयमा चरम् भ्रष्टाचार भएको भनेर भ्रष्टाचार नियन्त्रणका लागि भ्रष्टाचार विरोधी अभियानहरु सञ्चालन गरिन्छ तर, भ्रष्टाचार नियन्त्रण र न्यूनिकरण भने हुन सकेको छैन । भ्रष्टाचार गर्ने निकायले नै भ्रष्टाचारीलाई नै उम्काउन खोज्ने वा संरक्षण गर्ने गरेको पाइन्छ। यसमा 'काले काले मिलेर खाउ भाले' उखानलाई नै शिरोपर गरेको पाइन्छ। कर्मचारीहरु पनि विभिन्न राजनीतिक संगठनमा आवद्ध हुने परिपाटीले भ्रष्टाचारीलाई राजनीतिक संरक्षण हुने गरेको छ।

भ्रष्टाचार प्रायः गरिब, अल्पविकसित तथा विकासशिल राष्ट्रहरुमा बढी हुने गरेको पाइन्छ। संक्रमणकालिन अवस्थामा जहाँ कानूनको पूर्ण परिपालना हुन सकेको छैन, त्यस राष्ट्रमा बढी आर्थिक अयिनमितता, भ्रष्टाचार र दण्डहिनताले स्थान पाउँछन् । भ्रष्टाचारीहरुले सार्वजनिक सेवा प्रवाहलाई आधुनिक तथा प्रविधिमैत्री बनाउन चाँहदैनन् । उही पुरानो तथा परम्परागत प्रक्रिया अपनाएर जनतालाई ठग्ने वा शोषण गर्न रुचाउछन् । नेपालमा त जुन कार्यालय, शाखा, फाँटमा बढी भ्रष्टाचार हुन्छ, त्यहीँ सरुवा हुन वा काम गर्न भनसुन, सोर्सफोर्स चल्ने गर्छ । अर्थात् घुमाउरो शैलीमा भ्रष्टाचार हुने ठाउँमा काम गर्न पाए कर्मचारीहरु बढी उत्प्रेरित हुने गर्छन्। भ्रष्टाचारको अर्को डर लाग्दो रूप हो नीतिगत भ्रष्टाचार । देशको ऐन कानून, नियमावलीलाई कमजोर बनाएर स्वार्थ सिद्ध गरिन्छ। यसमा भ्रष्टाचार गरेको थाहा भए पनि कानूनले भ्रष्टाचार भएको प्रमाण पाउँदैन । नेपालमा ठूला आयोजना तथा ठेक्कापट्टाहरुमा नीतिगत भ्रष्टाचार हुने गरेको छ । राज्य शक्तिका ठूलाबडाहरु समाहित भई भ्रष्टाचार गर्ने गर्छन् ।




*भ्रष्टाचार प्रायः गरिब र अल्पविकसित तथा विकासशिल राष्ट्रहरूमा बढी हुने गरेको पाइन्छ । संक्रमणकालिन अवस्थामा जहाँ कानूनको पूर्ण परिपालना हुन सकेको छैन, त्यस राष्ट्रमा बढी आर्थिक अयिनमितता, भ्रष्टाचार र दण्डहिनताले स्थान पाउँछन् ।*

नेपालमा किन भ्रष्टाचार हुन्छ भन्ने विषयमा छलफल हुनु जरुरी रहेको छ । भ्रष्टाचार नियन्त्रण गर्न ठोस कदम चाली मुलुकलाई सुशासनमैत्री बनाउनु अत्यावश्यक छ। भ्रष्टाचार बढ्नुमा सुशासनको जग कमजोर हुनु हो। सार्वजनिक पदमा आसिन कर्मचारीको तलब भत्ता कम हुनु हो। विदेश गएर कमाएको व्यक्ति र सरकारी जागिर खाएको व्यक्तिको कमाईमा धेरै अन्तर देखिनुले भ्रष्टाचार हुने गर्छ। व्यक्तिमा धेरै सम्पत्ति कमाउने लोभ हुनु, सुनचाँदी घरघडेरी जोड्ने मनोकांक्षा हुँदा मानिसले अवैध तरिकाबाट सम्पत्ति जोड्न थाल्दछ। सामाजिक चालचलन, पर्वहरु बढी खर्चिलो बन्दै जानु तथा सम्पत्ति पुस्तान्तरण हुने प्रकृयाले भ्रष्टाचारलाई निम्त्याएको छ। भ्रष्टाचारसम्बन्धी कानूनहरु पर्याप्त नहुनु र भएका कानूनहरु समय सापेक्षरूपमा परिमार्जन नहुँदा भ्रष्टाचारमा संलग्न व्यक्तिले कानूनको कमजोरीबाट उम्कन चाहन्छ। नेपालमा भ्रष्टाचारीलाई सामाजिक सम्मान प्रदान गर्ने बानी रहको छ । सार्वजनिक प्रशासनमा जवाफदेहिता र पारदर्शिताको अभाव रहनु, विद्युतीय शासनको अभ्यासलाई पूर्णरूपमा अबलम्वन गर्न नसक्नुले भ्रष्टाचारलाई नियन्त्रण गर्न सकिएको छैन । सरकारी कार्यालयमा हुने नागरिक वडापत्रको प्रयोग देखावटी मात्रै छ । सर्वसाधारणलाई नागरिक वडापत्रबारे जानकारी नै छैन। सेवाग्राहीमा उजुरी गर्ने तथा गुनासो सुन्ने परिपाटीको विकास हुन सकेको छैन। कर्मचारीहरुमा पेशागत आचरण, मूल्य-मान्यता र अनुशासनको परिपालना भएको देखिँदैन।

नेपालमा भ्रष्टाचार सरकारी कार्यालय वा निकायमा मात्र हुन्छ भन्ने बुझाई छ। भ्रष्टाचार नीजि क्षेत्रमा पनि हुन सक्छ। उपभोक्ताले तिरेको मूल्यअनुसारको सेवा नपाउनु, ठगिनु, गुणस्तरिय वस्तु तथा सेवा नपाउनु नीजि क्षेत्रमा हुने भ्रष्टाचारका उदाहरणहरु हुन्। दुःखद् कुरा के छ भने नीजि क्षेत्रमा हुने भ्रष्टाचारलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले हेर्दैन। त्यसैले नीजि क्षेत्रमा हुने भ्रष्टाचारले समाजमा खिल बनाएर बसेको छ। भ्रष्टाचार मुलुकको समृद्धिको लागि बाधक तत्व हो। देशलाई कमजोर बनाएर आफू मोटाउने दुश्साहस हो। मुलुकको हित विपरित हुने यस्तो अपराधिक र अवैधानिक कृयाकलाप नियन्त्रण गर्नु आवश्यक छ। नेपालमा भ्रष्टाचार निवारणका सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९को व्यवस्था गरिएको छ। सूचनाको हक २०६४, नियमावली २०६५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ लगायतका ऐनहरु भ्रष्टाचार नियन्त्रणका लागि सहायक ऐनको रूपमा भूमिका खेल्दछन् । यी ऐन कानूनहरुको अक्षरस पालना गनुपर्छ । भ्रष्टाचार नियन्त्रणका लागि मुलुकमा लोकतान्त्रिक मूल्य मान्यतालाई स्थापित गनुपर्दछ । सार्वप्रथम त भ्रष्टाचारसँग सम्बन्धित मुद्दाहरुको समयमा नै फैसला गरी दण्ड र सजायँको व्यवस्था कडाईका साथ पालना गराउनुपर्छ । भ्रष्टाचारीमाथि हुने राजनीतिक संरक्षणलाई रोक्नुपर्छ । भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गरी 'भ्रष्टाचार गर्नु महापाप हो' भन्ने मानसिकता पैदा गराउनु आवश्यक छ।

हामीकहाँ सामाजिक तथा सांस्कृतिक चालचलन चाडपर्वहरु मितव्ययी र व्यवस्थित बनाउनु पनि निकै आवश्यक भएको छ । धेरै सम्पत्ति जोड्ने, घरघडेरी वा वहुमूल्य गहना खरिद गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ। कर्मचारीहरुलाई कामअनुसारको दाम तथा पर्याप्त तलब भत्ताको व्यवस्था गर्नुपर्छ। सार्वजनिक खरिद, ठेक्कापट्टालगायतका सार्वजनिक सरोकारको काम वा विषयहरु निष्पक्ष, पारदर्शी बनाउनु पर्छ । नागरिक वडापत्रलाई सबै सेवाग्राहीले देख्ने र पढ्न मिल्ने गरी राख्ने र सोबमोजिमको सेवा प्रवाहलाई निरन्तरता दिनु आवश्यक छ । कार्यालयमा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने र गुनासो सम्बोधन गरिएको बारेमा गुनासो गर्ने पक्षलाई जानकारी गराउनु पर्छ। सर्वसाधारणले पनि कार्य अनियमितता, लापरवाहीका बारेमा गुनासो गर्ने र गुनासो सुन्न उत्सुक हुने बानीको विकास गर्नुपर्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार विस्तार गर्ने एवम् नीजि क्षेत्रको भ्रष्टाचारलाई कानूनी दायरामा ल्याउन प्रयास गर्नुपर्छ। सरकारी कार्यालयको कार्य सम्पादनबारे नियमन र सुपरिक्षण गरी जनताले चाहेको र खोजेको सेवाप्रवाहका लागि सर्कुलर जारी गर्नुपर्छ। यी सुझावहरुलाई अवलम्बन गर्न सकेमा नेपालमा भ्रष्टाचार नियन्त्रण तथा न्यूनिकरण हुनेमा विश्वस्त हुन सकिन्छ ।

इमेल : *sharmajhalakpkr@gmail.com*

## सामाजिक सञ्जाल




- फणिन्द्र नेपाल

प्रधानमन्त्रीलाई समर्थन गर्ने दल भन्नाले नियुक्तिको प्रयोजनका निम्ति राष्ट्रपतिसमक्ष हस्ताक्षर बुझाउने दलमात्र भन्ने बुझिन्छ । अहिले संवैधानिक परिषद्का लागि विपक्षी दलको नेताका सन्दर्भमा कांग्रेस सभापति शेरबहादुर देउवामाथि नैतिक संकट परे पनि विपक्षी नेता उनै हुन् । कि विजेताले सबथोक खोस्छ भन्न खोजेको हो ?



- प्रेम घर्ती मगर

पहिले आफ्नै हातमा भएको सत्ता जोगाउन नसक्ने, अहिले सत्ता हातबाट फुस्किसकेपछि फेरि प्रतिपक्षको धर्म पनि निभाउन नसक्ने, पार्टीमा सभापतिको मनमौजी चलेको छ । महामन्त्रीहरू निरीहता देखाएर हिँडिरहेका छन् । कार्यकर्तामा अष्पष्टता छ । नेपाली कांग्रेस किन यति धेरै दोधार भएर चलिरहेको छ ?



- मुमाराम खनाल

सगरमाथामा फोहोरको डंगुर छ । काठमाडौं वरिपरिका हरिया डाँडाहरू काटेर 'प्लटिङ्ग' गर्नेहरूको जमात छ । र, देशैभरि डाँडाको चुचुरोमा बसेका दुई घरलाई बाटो पुऱ्याउने विकासले पर्यावरण थला परेको छ । विभिन्न रंगको टाटेपाटे सरकार चाहीँ 'पर्यावरण जोगाउ' भन्ने 'निर्देशन' दिनमैं व्यस्त छ ।



- संस्कृति गुरुङ

महोत्तरी-१ बाट निर्वाचित नेकपा एमालेका सांसद लक्ष्मी महतो कोइरीमाथि मधेश आन्दोलनका क्रममा प्रहरी सहायक निरीक्षक थमन विक हत्याको आरोप छ । फौजदारी अभियोग सिद्ध भएर अदालतबाट सजायँको फैसला भएको व्यक्तिलाई एमालेले किन उठायो र निर्वाचन आयोगले कसरी उम्मेदवारी दर्ता गऱ्यो ?



- अरूण बराल

संवैधानिक परिषद्का लागि विपक्षी दलको नेता को हो भन्नेमा कानुनी समस्या छैन । ऐनले भनेको "मन्त्रिपरिषद् गठनमा समर्थन गर्ने" दल भन्नाले विश्वासको मत दिने दल होइन, राष्ट्रपतिकोमा हस्ताक्षर बुझाउने दललाई बुझिन्छ । मनमोहनका पालाको नजिर पनि यही छ । तर, कांग्रेस सभापति शेरबहादुर देउवामाथि नैतिक संकट भने परेकै छ ।

# पाचन शक्ति कसरी बलियो बनाउने ?

स्वास्थ्य



● डा. हेमराज कोइराला

*पाचन शक्ति गडबढ भएमा अरूची, अस्वाद, अपच, अजिर्ण, छातीमा जलन, पेटको माथिल्लो भाग पोल्ने वा दुख्ने, न्याल काढिने, अम्लपित्त बढ्ने, थकान महसुस हुने, भारीपन बढ्ने जस्ता लक्षण देखिन्छन् । पाचन शक्ति गडबढ हुनुमा मूलतः हाम्रो जीवनशैलीकै प्रमूख भूमिका रहेको हुन्छ ।*

भनिन्छ, पाचन क्षमता मजबुत भएकाहरूलाई ढुङ्गा-माटो खाएपनि पच्दछ र खाएको पचुन्जेल कुनै प्रकारको रोगले पनि सताउन सक्दैन । यसर्थ, पाचन क्षमतालाई बलियो बनाई राख्नु रोगहरूको रोकथाम एवम् प्रतिकारको महत्वपूर्ण अस्त्र हो । राम्रो स्वास्थ्य र दीर्घ जीवन चाहने हर कसैले पाचन क्षमतालाई अक्षुण्ण राखिरहनु पर्ने हुन्छ। अझ प्राकृतिक स्वास्थ्य विज्ञानको दृष्टिमा त हाम्रा सम्पूर्ण रोगहरूको सुरूवात पेटबाट हुने मानिएको छ । हरेक रोगहरूको सुरूवात मन्दाग्निबाट हुन्छ र मन्दाग्निको उपचार गरेर नै धेरै रोगहरूबाट छुटकारा पाउन सकिन्छ। यसकारण पाचन शक्तिलाई मजबुत बनाई राख्नु स्वस्थ जीवन चाहने हर कसैको प्रथम दायित्व हो ।

पाचन शक्ति गडबढ भएमा अरूची, अस्वाद, अपच, अजिर्ण, छातीमा जलन, पेटको माथिल्लो भाग पोल्ने वा दुख्ने, न्याल काढिने, अम्लपित्त बढ्ने, थकान महसुस हुने, भारीपन बढ्ने जस्ता लक्षण देखिन्छन् । पाचन शक्ति गडबढ हुनुमा मूलतः हाम्रो जीवनशैलीकै प्रमूख भूमिका रहेको हुन्छ। जीवनशैली भनेको भोजनशैली, व्यायामशैली, विश्रामशैली, विचारशैली र व्यवहारशैलीको संयुक्त रूप हो । गरिष्ठ भोजनको सेवन, पेट भरेर खानाखाने बानी, असामयिक खाना, सुख्खा, चिसो र भारी खानाको सेवन, प्रशोधित खानेकुराहरूको सेवन, दिनमा सुत्ने र रातमा जागा रहने बानी, मानसिक तनाव, अति मैथून, चिया, कफी, सुर्ती, सुपारी आदिको अत्याधिक सेवन, खाना छिटो खाने बानी, खाना राम्ररी नचपाउनु, धेरै मसलादार खानेकुराको सेवन, मदिरापान, चकलेट सेवन आदि पाचन क्षमतालाई नष्ट गर्ने आनीबानीहरू हुन् । पाचन क्षमता कमजोर भएकाहरूले सर्वप्रथम यस समस्याको कारण पत्ता लगाएर ती कारणहरूलाई हटाउनु पर्ने हुन्छ । यसका अलावा केही प्राकृतिक उपचार र केही प्राकृतिक जडिबूटिहरूको सेवनले यो रोग ठिक हुन्छ। पाचन क्षमता कमजोर भएकाहरूलाई निम्नलिखित प्राकृतिक जडिबूटि उपयोग गर्न सल्लाह दिइन्छ ।

**सौफको सेवन** : खाना खाईसके पछि सौफ चपाउने चलन पुरानो हो । सौफको सेवनले पाचनशक्ति बलियो बनाउने, अपच, अजिर्ण कमगर्ने, आन्द्राहरूको मांशपेशीमा हुने कडकता कम गर्ने र कब्जियत कमगर्ने, पेटको दुखाई कम गर्ने र ग्याष्ट्रिक एवम् अम्लपित्त कमगर्ने गर्दछ। पाँचदेखि १० ग्राम सौफको दानालाई खालीपेटमा वा खाना खाएपछि चपाएर खाँदा पाचन शक्ति बलियो हुन्छ तर, सौफलाई कहिले पनि चिनी, मिश्री र सक्खरसँग खानु हुँदैन ।

**धनियाँको सेवन** : धनियाँको सेवन पनि पाचन शक्ति बढाउने महत्वपूर्ण उपाय हो। यसले क्षुधा बढाउने, अग्नि प्रदिप्त बनाउने, पेटको गर्मीलाई शान्त गराउने, ग्यास र एसिडिटीको समस्यालाई समाधान गर्नुका साथै, कब्जियत र वायु बढ्ने समस्यालाई पनि राम्रो गर्दछ। पाँचदेखि १० ग्राम धनियाँलाई रातभरी पानीमा भिजाएर पानी सहित खाँदा वा सग्लो दाना चपाएर खाँदा वा धनियाँको दानालाई पिसेर पानीमा मिलाएर पिउदा वा धनियाँको पत्ताको चटनी खाँदा पेटको लागि राम्रो हुन्छ ।

**अमलाको सेवन** : अमला बहुउपयोगी वनस्पति हो। त्यसमापनि पेट रोगका लागि अमलाको सेवन अत्यन्त अपयोगी छ । अमलाको सेवनले भोक लाग्ने, खाना पच्ने, एसिडिटी कम हुनुका साथै कब्जियत र आपनवायुको समस्यालाई कम गर्ने गर्दछ। अमलाको फल, रस, चूर्ण वा चटनि जे खाए पनि पेटको लागि राम्रो हो तर, अमलाको पुरानो अचार भने स्वास्थ्यको लागि त्यत्ति राम्रो होइन ।

**अदुवाको सेवन** : अदुवालाई पनि महत्वपूर्ण पाचक औषधि मानिएको छ । यसको सेवनले खाना नपच्ने, वाकवाकी लाग्ने, पेट सुन्निने, दुख्ने, ढुस्स हुने जस्ता समस्याबाट राहत मिल्छ । दुई ग्राम सुकेको अदुवाको धुलोलाई तातोपानीका हालेर खानाखानु भन्दा पहिले पिउँदा वा पाँच ग्राम काँचो अदुवालाई नुन वा सक्खरसँग खानाखानु भन्दा पहिले दिनको दुई पल्ट खानेगर्दा पेटको समस्यामा फाइदा पुऱ्याउँदछ । अदुवाको चिया पनि पेटरोगको लागि राम्रो हो ।

**घ्यूकुमारीको सेवन** : घ्यूकुमारी अथवा एलोभेराको सेवनले पनि पेटको रोगमा निकै फाइदा पुऱ्याउँदछ। यदि तपाईं पेट दुख्ने, पेट फुल्ने, अल्सर आदि जस्तै पेट सम्बन्धी समस्याबाट पीडित हुनुहुन्छ भने घ्यूकुमारीको गुदिलाई पानीमा घोलेर सेवन गर्न सक्नुहुन्छ ।

**हर्रोको सेवन** : हर्रोको सेवनले धेरै प्रकारका पेटरोगको लागि फाइदा पुऱ्याउँदछ । यसको सेवनले पाचन इन्जाइमहरू बढाएर पाचनमा मद्दत गर्ने, एसिडिटी कम गर्ने, पोषक तत्वहरूको अवशोषणमा सुधार गर्ने देखि कब्जियत, अधोवायुको समस्यादेखि पाइल्स र फिस्टुलाबाट पनि बचाउँछ । यसले पाँचन प्रणालीलाई विषाक्त पदार्थहरूबाट पनि मुक्त गर्न मद्दत गर्दछ। ५ दखि १० ग्राम हर्रोको चूर्णलाई तातोपानीमा हालेर राति सुत्ने बेलामा वा बिहान खालि पेटमा खाँदा विशेष फाईदा गर्दछ ।

**सुकुमेलको सेवन** : सुकुमेलमा पेटलाई स्वस्थ बनाउने धेरै पौष्टिक तत्वहरू पाइन्छन् । यस्तो अवस्थामा राति सुत्नुअघि वा खाली पेटमा सुकुमेलको सेवन गर्न सक्नुहुन्छ।

**बिरेनूनको सेवन** : बिरेनूनलाई पनि पाचाक द्रव्यको रूपमा चिनिएको छ। यसले मेटाबोलिज्म बढाउनुका साथै शरीरमा इलेक्ट्रोलाइट्सहरूको सन्तुलन गर्न मद्दत गर्दछ।

**कालोजिराको सेवन** : कालोजिरा अर्थात् कारावेजको सेवन पनि पेटको पाचन शक्ति बढाउनकोलागि उपयोगी मसला हो । कालोजीराको धूलोलाई, धनियाँको धूलो र सक्खरसँग बराबर मात्रामा मिसाएर एक/एक चम्चा बिहान बेलुका खाँदा अमिलो पानी आउने समस्या कम हुन्छ। यसैगरी, पाँच ग्राम कालोजीराको धूलोलाई पाँच ग्राम सिदेनूनको धूलो र एक ग्राम घ्यूमा फुराएको हिङ्ग मिसाएर मनतातो पानीसँग खाँदा पखाला रोकिन्छ ।

यस्तै, पेटको समस्याको लागि कागतीको सेवन अत्यन्त लाभदायक छ । कागतीमा भिटामिन सी प्रचुर मात्रामा पाइने भएकाले यसले पाचन प्रणालीका साथै प्रतिरक्षा प्रणालीलाई पनि बलियो बनाउँछ । बेसारलाई दूधमा मिसाएर वा मनतातो पानीमा एक चुटकी बेसार मिसाएर खाँदा पाचन प्रणालीलाई बलियो मात्र बनाउँदैन, पेटसम्बन्धी धेरै समस्याहरूबाट पनि छुटकारा दिलाउँछ। यस्तै, सुत्केरी मसलाको रूपमा प्रयोग गरिँदै आएको ज्वानो राम्रो पाचक औषधि हो। ज्वानोमा विद्यमान ईन्जाईमहरूले पेटमा एसिडको प्रवाहलाई सुधार गरि अपच, अजिर्ण, ब्लोटिङ्ग र ग्यासको समस्यालाई कमगर्न मद्दत गर्दछ । अनारको बियाँ अथवा बोक्राको सेवनले पनि धेरै रोगहरूमा काम गर्दछ र त्यसमा पनि पेटका रोगहरूमा विशेष काम गर्दछ । अनारले मुख्यतः पेटका ब्याक्टेरियाहरूलाई राम्रो गर्ने हुँदा धेरै जीर्ण रोगहरूमा पनि राम्रो गर्दछ ।

*(लेखक योगी नरहरिनाथ योग तथा प्राकृतिक चिकित्सालय, भरतपुर चितवनका निर्देशक हुन् ।)*

## तपाईंको राशिफल

- मेष : सम्बन्धहरुमा सुधार, राजकीय कार्यमा वृद्धि हुन्छ ।
- वृष : अनावश्यक यात्रा गर्नु हुँदैन । विवादमा परिने योग छ ।
- मिथुन : पराक्रममा वृद्धिको योग छ तर, स्वास्थ्यमा समस्या आउने सम्भावना छ ।
- कर्कट : स्वास्थ्य राम्रो रहनेछ। सम्पत्तिमा वृद्धि हुनेछ ।
- सिंह : धार्मिक कार्यहरुमा रुची बढ्छ। सामान्य रुकावटले अशान्ति आउन सक्छ ।
- कन्या : बाहिरी सहयोगमा कमी रहन्छ। विवाद हुने योग छ ।
- तुला : लेनदेनमा सावधानी राख्नुहोला । दैनिक कार्यमा प्रगति हुन्छ ।
- वृश्चिक : दिदी बहिनीहरुको सहयोग प्राप्त हुन्छ। व्यर्थको यात्रा र परेशानी हुन्छ ।
- धनु : शुभकार्यमा बढी खर्च हुने देखिन्छ । भौतिक साधन उपलब्ध भइरहनेछ ।
- मकर : व्यापारिक लाभ हुनेछ। धैर्यसित कार्य गर्नुपर्ने देखिन्छ ।
- कुम्भ : शिक्षासम्बन्धी कार्यमा रूकावट आउँछ। भूमि लाभ हुने योग छ ।
- मीन : जोखिमयुक्त कार्यहरु नगर्नुहोला । शत्रु परास्त हुन्छन् ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# बाइडेनको निवासमा न्याय विभागको छापा, गोप्य दस्तावेज जफत



**काठमाडौं/एजेन्सी–** संघीय अनुसन्धान ब्युरो (एफबीआई)ले राष्ट्रपति जो बाइडेनको डेलावार राज्यको विल्मिङ्टनस्थित निवासमा खानतलास गरेको छ। खोजविनका क्रममा 'गोप्य' लेखिएका केही दस्तावेज र उनका हस्तलिखित टिपोट एफबीआईले आफ्नो स्वामित्वमा लिएको राष्ट्रपतिका वकिलले बताएका छन्।

राष्ट्रपति बाइडेनले स्वैच्छिकरूपमा एफबीआईको टोलीलाई खानतलासको अनुमति दिएका थिए। यद्यपि उक्त टोलीले खानतलासीको पूर्जी प्रस्तुत नगरे पनि विशिष्ट प्रकृतिको खानतलासीमा कुनै समस्या नभए पनि यसले राष्ट्रपतिलाई अप्ठ्यारोमा पारेको छ।

गत पुस १२ गते राष्ट्रपतिका वकिलहरूले मध्यावधि निर्वाचनको केही समयअघि वासिङ्टनको पेन बिडेन केन्द्रको पूर्वकार्यालयमा केही गोप्य दस्तावेज फेला पारेको खुलासा गरेपछि अनुसन्धान गर्न एफबीआई टोली राष्ट्रपतिको निजी निवासमा पुगेको हो। बाइडेन उपराष्ट्रपति रहेका बेलाका छ वटा गोप्य दस्तावेज विल्मिङ्टन निवासको पुस्तकालयबाट टोलीले फेला पारेको छ।

राष्ट्रपतिले पुस्तकालयलगायत स्थानमा केही नभएको अनुसन्धान टोलीलाई बताएका थिए। आफ्ना पूर्ववर्ती डोनाल्ड ट्रम्पको अशान्तिपूर्ण बहिर्गमनपछि अमेरिकी जनतामाझ आफ्नो सत्चरित्रयुक्त छवि रहेको चित्रण गर्ने प्रयासमा राष्ट्रपति बाइडेनलाई ठेस लागेको छ। तेह्रघण्टा लामो खोजविनका क्रममा गोप्य लेखिएका छ वटा दस्तावेज अनुसन्धान टोलीले आफ्नो नियन्त्रणमा लिएको राष्ट्रपतिका निजी कानून व्यवसायी बब बउरले बताएका छन्। बाइडेन सिनेटर र उपराष्ट्रपति रहेका बेलाका दस्तावेज टोलीले नियन्त्रणमा लिएको जानकारी पनि उनले दिए। टोलीले लिएका दस्तावेज कति गोप्य हुन् भन्ने स्पष्ट भएको छैन। अनुसन्धान टोलीले लिएका दस्तावेज कानून मन्त्रालयले समीक्षा गर्नेछ।

मन्त्रालयले पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको घरबाट पनि सयौं यस्ता दस्तावेज बरामद गरेर छानविन गरिरहको छ।

# क्यालिफोर्नियामा गोलीकाण्ड, दश जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** अमेरिकाको दक्षिणी क्यालिफोर्नियाको एक एसियाली शहरमा भएको गोलीकाण्डमा परी कम्तीमा १० जनाको मृत्यु भएको छ भने कम्तीमा १० जना घाइते भएका छन्। स्थानीय समुदायले 'लुनार नयाँ वर्ष' मनाइरहेका बेला मोन्टेरे पार्कमा रहेको एक नृत्य स्थलमा बन्दुकधारीले गोली चलाएको प्रहरीले जनाएको छ।

लस एन्जलस काउन्टी शेरिफ डिपार्टमेन्टका क्याप्टेन एन्ड्रयु मेयर्सका अनुसार अधिकारीहरुले शनिबार राति १० बजेर २० मिनेट जाँदा आपतकालीन कलको जवाफ दिएका थिए। उनले भने, 'अधिकारीहरू त्यस स्थानमा प्रवेश गर्दा केही मृतक र घाइतेहरू घटनास्थलमा थिए। मोन्टेरी पार्क प्रहरी फायर डिपार्टमेन्टका अधिकारी घटनास्थलमा पुगी घाइतेहरूलाई उपचारका लागि अस्पताल पठाएको थियो भने १० जनालाई घटनास्थलमा मृत भेटेको थियो।' घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेको बताइएको छ।

लस एन्जलस शहरबाट करिब १३ किलोमिटर पूर्वमा रहेको मोन्टेरी पार्कमा ठूलो संख्यामा एशियालीहरूको बसोबास छ। मोन्टेरी पार्कमा करिब ६१ हजार मानिसहरू बस्छन्, जसमध्ये अधिकांश एसियाली वा एसियाली मुलका अमेरिकी हुन्।

बन्दुक हिंसासम्बन्धी तथ्यांक संकलन गर्ने एउटा वेबसाइटका अनुसार गत वर्ष ६ सय ४७ वटा सामूहिक गोलीकाण्ड भएको संयुक्त राज्य अमेरिकामा सामूहिकरूपमा हुने बन्दुक हिंसा एउटा ठूलो समस्या रहेको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/१०/०९**

**नेशनल हस्पिटल एण्ड क्यान्सर रिसर्च सेन्टर प्रा.लि.** को मिति २०७९/०९/२९ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेशनल हस्पिटल एण्ड क्यान्सर सेन्टरप्रा.लि. (प्रा.लि.नं.: ६६१६०)** कायम गर्ने गरी मिति २०७९/०९/२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनी स्वेच्छिक खारेजी गर्ने बारेको सूचना

प्रेम पाठशाला प्रा. लि. (प्रा.लि.नं. १४४४१२/०७२/०७३) को मिति २०७९ माघ ८ मा सम्पन्न विशेष साधारण सभाले विशेष प्रस्ताव पारित गरि कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम कम्पनीलाई स्वेच्छिक रुपमा खारेजीमा लैजाने निर्णय गरी मलाई सोहि ऐनको दफा १३१ बमोजिम कार्य गर्न लिक्वीडेटरमा नियुक्त गरेकोले यस कम्पनीसँग कुनै लेनदेन भए सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र निम्नानुसारको ठेगानामा सम्पर्क राख्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त मिति पछि प्राप्त दाबी विरोध उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**दुर्ग प्रसाद खनाल (लिक्विडेटर)** प्रमाण पत्र नं.: ५१७
सम्पर्क नं. ९८५११२५६००, काठमाडौं, नेपाल।

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त यस **खोजी रिक्रूटमेन्ट सर्भिसेस प्रा. लि. (श्रम इजाजत पत्र नं. ९०२/०६७/०६८)** मा कार्यरत निम्न कर्मचारीहरुलाई यस प्रा.लि.बाट हटाईएकोले सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न र नगराउनु हुन भनि यस सार्वजनिक सूचना जारी गरिएको छ। यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन।

| S.N. | Name | Post | Citizen No. | Resign Date |
|---|---|---|---|---|
| 1 | Prabina Karki | Manager | 111028/87/10180 | 079/08/01 |
| 2 | Jamuna Panta | Pro | 35-01-72-00946 | 079/06/30 |
| 3 | Pramisha Ghimire | Documentation | 06-01-72-04673 | 079/06/01 |
| 4 | Shambhu Lal Shrestha | Office Boy | 1053/13386 | 079/09/10 |
| 5 | Radhika Rijal | Kitchen Staff | 7121 | 079/05/12 |

KHOJI
श्रम इजाजत पत्र नं. ९०२/०६७/०६८
**खोजी रिक्रूटमेन्ट सर्भिसेस प्रा. लि.**
सानेपा–२, विजयबस्ती, रिङरोड, ललितपुर, नेपाल, फ्याक्सः ५५५५९३४
हट लाईन नं.: ५४५५५७९२, फोन: ५४५५५८९६, मो.: ९८४१२७१९६२, ९८०८८६५४६०
Email: info@khojinepal.com.np, mohammad@khojinepal.com

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत **इजाजत पत्र नं. १०३४/०७२/०७३)** मा कार्यरत निम्न कर्मचारीहरुलाई यस प्रा.लि.बाट हटाईएकोले सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न र नगराउनु हुन भनि यस सार्वजनिक सूचना जारी गरिएको छ। यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन।

| S.N. | Name | Post | Citizen No. | Resign Date |
|---|---|---|---|---|
| 1 | Shraddha Khadka Timalsina | Administrative | 70051 | 2-Dec-22022 |
| 2 | Sunita Ghale | Documentation | 26-01-71-02154 | 24-Dec-2022 |
| 3 | Aruna Lama | Office Helper | 01-69-10454 | 6-Jan-2023 |
| 4 | Anuja Regmi Gautam | Manager | 351024329 | 15-Jan-2023 |

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512, Email: info.royal1034@Gmail.com

---

नेपाल सरकार
उर्जा, जलश्रोत तथासिंचाइ मन्त्रालय
**जलश्रोत तथा सिंचाइ विभाग**
**महाकाली सिंचाइ व्यवस्थापन कार्यालय**
महेन्द्रनगर, कञ्चनपुर

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०७९/१०/०९)**

यस कार्यालय अन्तर्गत तपशिल अनुसारका ठेक्का न. मा उल्लेखित कार्यको लागि मिति २०७९/०९/०६ गते प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचनाअनुसार तोकिएको मिति भित्र रितपूर्वक पेश हुन आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमका बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. No. | Contract ID | Description of works | Name of Contractor & Address | Amount (with VAT & PS), NRs |
|---|---|---|---|---|
| 1 | MIMO/AMIS/ NCB-01/079-080 | Repair & Maintenance of canal & Canal Structures in Block A & B of MIS | Raja Construction., Bhimdutt-18, Kanchanpur | 58,20,058.81 |
| 2 | MIMO/AMIS/ NCB-02/079-080 | Repair & Maintenance of canal & Canal Structures in Block C, D & E of MIS | Suryodaya Nirman Sewa, Shailyashikhar-5, Darchula | 66,63,585.94 |
| 3 | MIMO/AMIS/ NCB-03/079-080 | Repair & Maintenance of canal & Canal Structures in Block 5 & 6 of MIS | Krish Nirman Sewa Beldandi-2, Kanchanpur | 38,84,512.33 |
| 4 | MIMO/AMIS/ NCB-04/079-080 | Repair & Maintenance of canal & Canal Structures in Block 7 & 8 of MIS | Mamtas Construction Service, Beldandi-1, Kanchanpur | 35,15,473.20 |

**कार्यालय प्रमुख**

---

**Province Government**
**Ministry of Road Infrastructure& Urban Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Udayapur, Province no.1, Nepal**

## Invitation for Electronic Bids

**First Date of Publication: 2079/10/09 (23rd Janauary 2023)**

1. Provience Government, Ministry of Road Infrastructure & Urban Development, Transport Infrastructure Directorate, Infrastructure Development Office, Udayapur, Province no. 1, Nepal invites bids from eligible bidders for following works:

| S. N. | Contract Identification Number | Description and Location of work | Bid Validity Period | Bid Security Validity Period | Key Qualification Requirement | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | IDO/UDA/ NCB/W/R/ 65/079-080 | Upgrading of Diputole-Uttar bhot khola-Pani tanki khat mandir-Jhora bagal tole- Deuri shreepur pani tanki- Puspa batika line tole-Rastrya Ma. Vi. Rai tole - Bagaha Chowk, Road Triyuga Municipality -9,8,6,5,4 Udayapur | 120 days | 150 days (up to 23rd July, 2023) | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: Nrs. 30,50,00,000.00<br>Experience: At least one Bituminous Road in Contract with in the last ten (10) years, with a value of at least NRs 33,50,00,000.00 with VAT that have been successfully or are substantially completed and that are similar to the proposed works. | 1,50,00,000.00 | 20,000.00 |
| 2 | IDO/UDA/ NCB/W/B/ 66/079-080 | Construction of Triyuga Khola Bridge along Madan Bhandari Rajmarg-Toribari Road, Triyuga Municipality, Udayapur | 120 days | 150 days (up to 23rd July, 2023) | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: Nrs. 9,40,00,000.00<br>Experience: At least one Pre-Stressed Motorable Bridge of Length 60.00 meter in Contract with in the last ten (10) years, with a value of at least NRs 8,40,00,000.00 with VAT that have been successfully or are substantially completed and that are similar to the proposed works. | 35,00,000.00 | 10,000.00 |

2. Submission and Opening of Bid:

| Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| 2079/11/11 (23rd Feb. 2023) | 12:00 Hours | 2079/11/11 (23rd Feb. 2023) | 13:00 Hours | Interested eligible bidders may obtain further information from Infrastructure Development Office, Udayapur and inspect the Bidding Documents at the address given below during office hours or may visit E-procurement section of PPMO's Website ***http://www.bolpatra.gov.np/egp***, A complete set of bidding documents in English may be inspected by the interested bidders and must submit their bid electronically through E-procurement section of PPMO's Website ***http://www.bolpatra.gov.np/egp.***, the Bidders must download the bidding documents, prepare their bids and submit their electronic bids as specified in the Instructions to Bidders. The bidder shall be required to deposit the cost of bidding document (as specified in the table above) in the Employer's Rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic submission of the bid files. |

3. Bank Account Details:

| Account Name | Bank Name | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| Pradesh Lekha Ikai Karyalaya, Udayapur. | Rastriya Banijya Bank. | Gaighat, Udayapur. | 2090100202030000 (Dharauti) | Office Code: 3370111011 |
| Infrastructure Development Office, Udayapur. | Rastriya Banijya Bank. | Gaighat, Udayapur. | 1000100201010001 (Rajaswa) | 14229 (Revenue) |

4. Pre-bid meeting shall be held at the office on 2079/10/24 (7th Feb. 2023) at 13:00 hours.
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered a last day. In such case validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA, 2063 and PPR, 2064 (Revised).

**Office Chief**

# बक्स अफिस समाचार

## राजेश हमाललाई केपी ओलीले दिए 'महानायक' सम्मान

**काठमाडौं/मस–** अभिनेता राजेश हमाललाई नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले 'महानायक' सम्मान प्रदान गरेका छन्। भक्तपुरमा शनिबार आयोजित चौथो एपिक म्युजिक अवार्ड कार्यक्रममा ओलीले अभिनेता हमाललाई उक्त सम्मान प्रदान गरेका हुन्।

हमाल नेवारी पहिरनमा उपस्थित भए। उनीसँगै श्रीमती मधु भट्टराई पनि नेवारी पहिरनमा सजिएर अवार्ड कार्यक्रममा पुगेकी थिइन्। सूर्यविनायक नगरपालिका र मध्यपुर थिमी नगरपालिका वडा नं. ४ को संयुक्त सहकार्यमा भएको अवार्ड



कार्यक्रममा हमाललाई एक लाख एक हजार एक सय एघार राशीको 'महानायक' सम्मान प्रदान गरियो। उक्त अवसरमा अध्यक्ष ओलीले हमालको प्रशंसा समेत गर्न भ्याए।

समारोहमा गायिका तीर्थकुमारी थापा र गायक रत्न बेहोसी लगायतलाई पनि सम्मान गरिएको थियो।

यस्तै एमाले अध्यक्ष ओलीले नेपाली कला र संस्कृति अमर रहने बताए। उनले नेपाली कला र संस्कृतिको संरक्षणमा हरेक नेपालीहरु लागेकाले कला र संस्कृति नमर्ने बताए। उनले नेपाली संस्कार र संस्कृतिहरु कलाको माध्यमबाट पनि अहिलेसम्म जीवित रहेको भन्दै खुसी व्यक्त गरे। उनले नेपाली कला र संस्कृतिलाई मन पराउने नेपालीहरु धेरै रहेकाले अहिले पनि नेपाली कला र संस्कृतिको महत्व अपार रहेको बताए।

## ऋचाले अस्ट्रेलियामा जितिन् उत्कृष्ट अभिनेत्रीको अवार्ड

**काठमाडौं/मस–** अभिनेत्री ऋचा शर्माले अस्ट्रेलियाको प्रतिष्ठित 'टाइटन फिल्म फेस्टिभल'मा उत्कृष्ट अभिनेत्रीको अवार्ड जितेकी छन्। अस्ट्रेलियाको सिड्नीमा आयोजना भएको फेस्टिभलमा ऋचाले सर्ट फिल्म 'ब्लड मनी'बाट उत्कृष्ट अभिनेत्रीको अवार्ड जितेकी हुन्। पहिलो पटक अन्तर्राष्ट्रिय अवार्ड जितेकी उनी एक हप्ता अगाडि




अस्ट्रेलिया पुगेकी थिइन्।

एक सय बढी देशका फिल्मबीच भएको प्रतिस्पर्धामा 'ब्लड मनी'ले उत्कृष्ट अभिनेत्रीको अवार्ड जित्न सफल भएको हो। फेस्टिभलमा यो फिल्मको कथावस्तुलाई गम्भीर र फरक रुपमा हेरिएको र विभिन्न देशका मेकरले नेपालमा छायांकन गर्ने इच्छा देखाएको लेखक तथा निर्देशक अशोक तिमल्सिनाले जानकारी दिए।



## Bethanchowk Rural Municipality
## Office of Rural Municipal Executive

**Dhunkharkha, Kavrepalanchowk**
**Bagmati Province**

**Invitation for Bids**

Date of publication: 2079/10/09

Bethanchowk Rural Municipality, Office of Rural Municipal Executive, Dhunkharkha Kavre invites online electronic bids only from Nepalese eligible bidders for the following bids under National Competitive Bidding procedures.

| S. N. | Contract Identification No:- | Name of Contract | Estimated Amount (Including VAT NRs) | Bid Submission Last Date & Time | Bid Opening Last Date & Time | Bid Security (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BRM/079/80/ WORKS/10 | Chorande Muldada Tallothali Pakuredada Nayabasti Khanepani | 75,00,000.00 | 2079/11/10 12:00 | 2079/11/10 14:00 | 1,90,000.00 | NCB |
| 2 | BRM/079/80/ WORKS/11 | Bhaluchapra Phaimarang Thulokhoria Thalagaun Besi Khanepani | 75,00,000.00 | 2079/11/10 12:00 | 2079/11/10 14:00 | 1,90,000.00 | NCB |
| 3 | BRM/079/80/ WORKS/12 | Ratankhola Jhinge Gautamtol Sukumfedi Khanepane Aayojana | 1,00,00,000.00 | 2079/11/10 12:00 | 2079/11/10 14:00 | 2,50,000.00 | NCB |

1. Eligible Bidders may obtain further information at the office of Bethanchowk Rural Municipality, Office of Rural Municipal Executive, Dhunkharkha Kavrepalanchowk or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Bidder may download the bidding document for e-submission from PPMO's website. Bidder should deposit the cost of bidding document Rs 3,000 for National Competitive Bids in the Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of submission of bids.
   Name of bank: Global Ime Bank Ltd., Name of office: Bethanchowk Rural Municipality, Office Account Number: C504010000005. Account Name: GA. 1. 1. AANTARIK RAJASWO KHATA BETHANCHOWK
3. The bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to a minimum of as mentioned in above table which shall be valid for 30 days beyond the validity period of the bid.

**Chief Administrative officer**

## Invitation of Electronic Bids

## Urlabari Municipality
## Office of Municipal Executive

**Urlabari, Morang**

**Province No. 1, Nepal**

**Date of Publication: 2079/10/09 (23rd of January 2023)**

1. The Urlabari Municipality office,invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S.No. | Contract Id No. | Name of Project Work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1. | URL-Blacktop Road-Ward 2 & 4-W-NCB-11-079/80 | "Construction of Blacktop Road from kerkhali chowk to way to ward office,ward-2, Bhanu marga to municipal connected link road, ward-4 & Saptakoshi marga & two link road of Siddhartha marga,ward-4" | 75,61,524.00 | 1,89,100.00 | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## SAUDI मा रोजगार

कम्पनी: BISCO INTEGRATED SERVICES CO. LTD
शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०७९/०२/१९ | चलानी नं.: ६०१९०६४२ | L.T. No.: 264248 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४१,३६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: AL KAABI FACTORY COMPANY FOR THE MANUFACTURE & COATING OF IRON WORKS — शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०७९/०२/२७ | चलानी नं.: ६०१८४१३६ | L.T. No.: 264793 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३४,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: SOUDI COMPANY FOR LINENS MANUFACTURE — शहर: DAMMAM

